जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम




वर्ष २७ •अंक १७२ • २०८२ साल मंसिर ५ गते शुक्रबार (21 November, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## दलबलसहित मुख्यमन्त्री निवास खाली गराइने

**टुडे समाचारदाता**

जनकपुरधाम। असंवैधानिक र त्रुटिपूर्ण तरिकाले मुख्यमन्त्रीमा सरोजकुमार यादवलाई नियुक्ति गरेपछि मधेश प्रदेशमा सात दलीय गबठन्धनले सर्वोच्च अदालत फैसलाको प्रतीक्षामा रहेको छ। यसैक्रममा मुख्यमन्त्री यादवले निवर्तमान मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनारलाई मुख्यमन्त्री निवास खाली गर्नका लागि अल्टिमेटम दिएका छन्।

मुख्यमन्त्री यादवले विभिन्न दलका नेता तथा प्रमुख सचेतकलाई मुख्यमन्त्री निवास खाली गराइदिन आग्रह गरेका छन्।

मुख्यमन्त्री यादवले लोसपाका संसदीय दलका नेता जयनुल राइन र प्रमुख सचेतक रमिता प्रधानसंग निवास व्यवस्थाका लागि आग्रह गरेका छन्। सोनारलाई फोन गर्दा कुनै प्रतिक्रिया नआएपछि आफूले विभिन्न पार्टी नेतृत्वसंग निवास खाली गराउने विषयमा जानकारी दिएको उनले बताए।

यादव मुख्यमन्त्री बनेलगत्तै मुख्यमन्त्री निवासमा दिनहुँ खाली गर्नका लागि हारगुहार गर्दै आएका छन्। तर सर्वोच्च अदालतबाट मुख्यमन्त्रीको विषयमा टुंगो नलागेसम्म निवास खाली गराउने पक्षमा सात दलीय गबठन्धन छैन।

यता निवास खाली गराउनका लागि मुख्यमन्त्री यादव शुक्रबार विहान पनि दलबलसहित खाली गराउने बताइएको छ।

### प्रदेशसभा बैठक अनिश्चितकालका लागि स्थगित

# सर्वोच्चको फैसलापछि सभामुख र मुख्यमन्त्रीको गाँठो फुकाउने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सभामुख रामचन्द्र मण्डललाई दुई तिहाइ मतले पदमुक्त गरेपछि रिक्त पदका लागि सर्वोच्च अदालतको फैसला कुर्ने सर्वदलीय बैठकबाट निर्णय गरिएको छ । अदालतको फैसला कुर्ने निर्णय सर्वदलीय बैठकबाट भएपछि प्रदेशसभा अनिश्चितकालका लागि स्थगित गरिएको छ।




जनकपुरधाममा बिहीबार प्रदेशसभामा रहेका सम्पूर्ण दलहरुको उपस्थितिमा भएको बैठकमा प्रदेश सभामा सभामुख मण्डललाई पदमुक्त गर्नु अघि असहयोग गरेका कर्मचारीहरुलाई कारबाही गर्ने निर्णय भएको जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादवले जानकारी दिए।

बिहीबारका लागि बोलाइएको प्रदेश सभाको बैठक वस्तुगत राजनीतिक अवस्थालाई मध्यनजर गर्दै अनिश्चितकालका लागि स्थगित गरिएको मधेश प्रदेशसभा सचिवालयले जनाएको छ।

सभामुख मण्डललाई बुधबार पदमुक्त गरेसंगै बैठक बिहीबारका लागि बोलाइएको थियो। तर अन्तिम समयमा अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि बैठक स्थगित गरिएको उपसभामुख बबिताकुमारी राउत इसरले स्पष्ट पारिन्।

मधेश प्रदेश सभाबाट पदमुक्त भएका सभामुख मण्डलले आफ्नो निलम्बन असंवैधानिक र प्रक्रियागत त्रुटिपूर्ण भन्दा अंकगणितीय अनुसार भएकाले आफू अदालत नजाने प्रस्ट पारे।

अहिले प्रदेशसभामा सभामुख पद रिक्त रहेको छ भने नयाँ सभामुख चयनको प्रक्रिया थालिनु अघि प्रदेश सभाको बैठक स्थगित गरी सात दलीय गठबन्धनसहितका ७६ जना प्रदेश सांसदले सभामुखको खोजीसमेत गरिरहेको जनाइएको छ। सात राजनीतिक दलभित्र सभामुखको विषयमा छलफल भए पनि निर्णय नभएको नेपाली कांग्रेस मधेश प्रदेशका प्रमुख सचेतक कुमरकान्त झाले बताए।

सात दलीय गठबन्धनमा मधेश प्रदेशको सभामुख कांग्रेस वा जसपा नेपाल तथा मुख्यमन्त्री पद जसपा नेपाल वा कांग्रेसले पाउने भन्ने विषयमा पनि आन्तरिक छलफल थालिएको छ। तर अहिले नै कुन पद कसले पाउने भन्ने विषयका लागि अदालतको फैसलाको प्रतीक्षा भइरहेको एक नेताले दाबी गरे।

जसपा नेपालका प्रमुख सचेतक यादवले प्रदेश सभासंग बिजनेस नरहेको र प्रदेश सरकारको विषयमा अदालतमा बहस चलिरहेकाले अहिले सदन चलाउनु उपयुक्त नभएको बताउँदै यसका लागि प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित गर्ने सहमति भएको दाबी गरे। उनले सभामुख र मुख्यमन्त्रीको विधिवत रुपमा संवैधानिक प्रक्रिया अघि बढाउनु अघि सर्वसम्मत रुपमा सर्वदलीय बैठकमा छलफल गरी अघि बढ्ने निर्णय भएको बताए।

सो बैठकमा सहभागी नेकपा एमालेका संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतोले मुख्यमन्त्री सरोजकुमार यादवले व्यक्तिगत रुपमा जेजस्तो कार्य गरे पनि सभामुखलगायतको विषयमा सर्वसम्मत रुपमै अघि बढ्ने वचन दिए।

प्रदेश सभा अस्तव्यस्त रहेको र कर्मचारी अभाव रहेको अवस्थामा प्रदेश सभा चलाउन समस्या रहेको कारण हालका लागि सभाको बैठक अनिश्चितकाका लागि स्थगित गरिएको सचिवालयले जनाएको छ।

यता पदीय आचरणविरुद्ध काम गरेको अभियोगमा प्रदेशसभामा महाअभियोग लगाउने क्रममा असहयोग गर्ने कर्मचारीहरुलाई कारबाही गर्ने निर्णयसमेत गरिएको छ।

उपसभामुख इसरको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकबाट महाभियोग प्रस्ताव दर्तादेखि पारित हुञ्जेलसम्मको प्रक्रियामा अवरोध खडा गर्ने र असहयोग गर्ने कर्मचारीलाई कारबाही गर्ने निर्णय गरेको छ।

सर्वदलीय बैठकको निर्णय सार्वजनिक गर्दै उपसभामुख इसरले भनिन्, "महाअभियोग प्रक्रियामा असहयोग गर्ने कर्मचारीविरुद्ध कारबाही प्रक्रिया अघि बढाइने छ।"

उपसभामुख निजी सचिवालयका कर्मचारीहरू नैतिकताको आधारमा राजीनामा दिनुपर्ने उल्लेख गर्दै मुख्यतः कार्यालय सचिवालयका कर्मचारीमाथि कारबाही केन्द्रित हुने स्पष्ट पारिन् । उनका अनुसार सचिव, उपसचिव तथा केही अधिकृतहरूलाई स्पष्टीकरण सोधिनेछ । सन्तोषजनक जवाफ नआए दलीय सहमतिका आधारमा कानुन अनुसार कारबाही अघि बढाइनेछ।

सर्वोच्च अदालतको पूर्ण फैसला मंसिर ११ मा आएपछि नै मुख्यमन्त्री र सभामुख दुवैको टुंगो लगाएर चयन प्रक्रिया अघि बढाउने आन्तरिक सहमति बनेको बताइन्छ।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले सर्वोच्चको पूर्ण फैसला आएपछि सर्वसम्मत अनुसार प्रक्रिया अघि बढाइने बताए।

सो सर्वदलीय बैठकमा नेपाली कांग्रेस, नेकपा एमाले, जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोसपा नेपाल, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टीलगायतका दलहरुको सहभागिता रहेको थियो।

# कारबाही नगरेसम्म जेन- जीद्वारा आन्दोलन गर्ने चेतावनी

**टुडे समाचारदाता**

बारा । बाराको सिमरामा जेन- जी समूहले राजमार्ग अवरुद्ध पार्दै गरेको प्रदर्शन तत्कालका लागि स्थगित गरिएको छ । कुटपिटमा संलग्न व्यक्तिलाई पक्राउ गर्ने स्थानीय प्रशासनको आश्वासन र वार्तामा बस्ने सहमतिपछि जेन-जी समूहले प्रदर्शन स्थगित गरेका छन्।



जेन- जी समूहका अगुवा कपिल खरेलले जिल्ला प्रशासनसंगको संवादपछि प्रदर्शन स्थगित गरिएको प्रतिक्रिया दिए। उनका अनुसार प्रहरी, प्रशासन र जेन- जी समूहबीच शुक्रबार वार्ता हुनेछ।

आफूहरूमाथि कुटपिट गर्नेलाई कारबाही गर्न माग राख्दै जेन- जी समूहले बिहीबार दोस्रो दिन पनि प्रदर्शन गरेका थिए। उक्त प्रदर्शनका क्रममा प्रहरीसंग भएको झडपमा परी छ जना प्रहरी र चार जना जेनजी घाइते भएका छन्।

यसअघि जेन- जी प्रदर्शनकारीलाई सडक प्रदर्शन रोक्न गरिएको अनुरोध नमानेपछि प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन एक राउड हवाई फायर र तीन राउण्ड अश्रुग्यास प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय बाराका एसपी सन्तोष तामाङ्ले जानकारी दिए।

बारका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले बोलाएको वार्तामा जानका लागि जेन- जीका जिल्ला संयोजक सम्राट उपाध्याय कलैयातर्फ हिड्नै लाग्दा जेन- जी समूहबीचमै विवाद भएपछि उनीहरू सिमराको मुख्य बजारमा बैठक बसेका थिए।

बुधबार जेन- जीको शान्तिपूर्ण विरोध प्रदर्शनमा अभद्र व्यवहार गर्ने अरविन्द साहलाई पक्राउ गर्नुपर्ने जेन- जी समूहको माग रहेको छ।

बाराका प्रहरी उपरीक्षक तामाङ्ले साह प्रहरीको निगरानीमै रहेकाले पक्राउ गर्ने प्रतिवद्धता व्यक्त गरेपछि अवस्था सामान्य बनेको छ।

साह पक्राउ परेपछि मात्रै वार्तामा जाने अडानमा केही जेन-जी समूह रहेका छन्। जिल्ला संयोजक उपाध्याय भने वार्तामा छन् । अन्य जेन-जी समूहले आफूहरूको सहमति बिना वार्तामा जान नपाइने भनेपछि उनी फर्किएर सिमरामा छलफलमा बसेका थिए।

यता जेन- जी समूहले भने शुक्रबार विहानसम्ममा प्रहरीले पक्राउ नगरेपछि पुनः आन्दोलन गर्ने योजना रहेको जनाइएको छ।






# 'स्मार्ट शौचालय' निर्माण शुरु



**टुडे समाचारदाता**

लहान । सिरहाको लहान नगरपालिकाले मुख्य बजार क्षेत्रस्थित आधुनिक सार्वजनिक शौचालय निर्माण शुरु गरेको छ । लहान नगरपालिकाको मेयर महेशप्रसाद चौधरीले बुधबार शिलान्याससँगै लहानलाई स्वच्छ, सुरक्षित र पर्यटकीय दृष्टिले आकर्षक सहर बनाउने लक्ष्यमा यो परियोजना महत्त्वपूर्ण कदम भएको जानकारी दिए ।

करिब ५० रुपैयाँ लाखको लागतमा निर्माण हुने यो शौचालय यसै आर्थिक वर्षभित्र सम्पन्न गरिने उनले बताए । लहानमा बढ्दो जनघनत्व र पूर्व-पश्चिम महेन्द्र राजमार्गमा दैनिक रूपमा हुने यात्रुको चापलाई धान्न वर्षौंदेखि पर्याप्त र आधुनिक सार्वजनिक शौचालयको अभाव रहेको थियो । शिलान्यास समारोहमा नगरप्रमुख चौधरीले भने, "यहाँ सार्वजनिक शौचालयको आवश्यकता अत्यन्तै बढेको छ । अब हामी सर्वसुलभ, सुरक्षित र सुविधायुक्त संरचना निर्माण गर्दैछौं ।"

अत्याधुनिक प्रविधियुक्त 'स्मार्ट शौचालय' बन्ने यस संरचनामा महिला, ज्येष्ठ नागरिक, बालबालिका तथा अपांगता भएका व्यक्तिलाई सहज पहुँच हुने व्यवस्था राखिने चौधरीले बताए । मेयर चौधरी भने, "यस शौचालय लहानका लागि नमूना संरचना बन्नेछ । चमेनागृह र स्तनपान कक्षदेखि सेनेटरी प्याड भण्डारणसम्मका सुविधा एउटै स्थानमा उपलब्ध गराइनेछ ।"

शौचालयको माथिल्लो तलामा कफी सप सञ्चालन गरिनेछ भने भुइँतलामा आधुनिक सुविधासहितको चारपांग्रे सवारी धुने केन्द्र निर्माण हुनेछ । साथै एक भागमा विद्युतीय गाडी 'चार्जिङ स्टेसन'समेत रहनेछ, जसले भविष्यमा बढ्दै गएको विद्युतीय सवारीको प्रयोगलाई सहयोग गर्नेछ ।

लहानका दलित तथा मुसहर समुदाय बहुल क्षेत्रमा विगतदेखि नै सरसफाइ चुनौतीपूर्ण रहेको आएको छ । दलित जनकल्याण युवा क्लबले नगरका विभिन्न स्थानमा करिब १५ वटा सामुदायिक शौचालय निर्माण गरिसकेको भए पनि कमजोर व्यवस्थापनका कारण तीमध्ये कतिपय प्रयोगविहीन हुने स्थितिमा पुगेका छन् ।

यस्तो अवस्थाबारे संस्थाका कार्यकारी निर्देशक विनोद विसुंकेले भने, "सुविधाका लागि संरचना बनाइए पनि व्यवस्थापनमा कमी हुँदा कतिपय शौचालय प्रयोगविहीन बन्न पुगेका छन् ।"

लहान नगरपालिकाले अब ती संरचनाहरूलाई पनि स्तरोन्नति गरी भौतिक गुणस्तर र सेवासुविधा सुधार गर्ने तयारी गरेको छ । मेयर चौधरीले सामुदायिक, निजी तथा संस्थागत सहकार्यमा सार्वजनिक-निजी साझेदारी नीतिअनुसार आधुनिक सुविधा बिस्तार गरिने बताए ।

लहानमा थालिएको आधुनिक सार्वजनिक शौचालय परियोजनाले सहरलाई स्वच्छ, सुरक्षित तथा पर्यटकमैत्री बनाउन योगदान पुग्ने विश्वास गरिएको छ । विश्व शौचालय दिवसको अवसर पारेर नगरपालिकाले बुधबारदेखि दिगो सरसफाइको उद्देश्यसहित 'घर-घरको शान, स्वच्छता अभियान-२०८२' औपचारिक रूपमा शुरु गरेको छ ।

# निर्वाचनमा सेना परिचालन गर्न परिषद्‌को सिफारिस



**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सरकारले आगामी फागुन २१ गतेका लागि तोकेको प्रतिनिधिसभा निर्वाचनमा सेना परिचालन हुने भएको छ । सिंहदरबारमा बिहीबार बसेको राष्ट्रिय सुरक्षा परिषद् बैठकले निर्वाचनमा सेना परिचालनका लागि सरकारलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

परिषद्‌का सदस्यसचिव रक्षा सचिव सुमनराज अर्यालले संविधानले दिएको अधिकार प्रयोग गरी निर्वाचनमा सेना परिचालनका लागि सरकारलाई सिफारिस गर्ने निर्णय परिषद्‌ले गरेको जनाएका छन् ।

उनले भने, 'परिषद् बैठकमा आगामी निर्वाचनमा सेना परिचालनबारे छलफल भयो । संविधानले दिएको अधिकार प्रयोग गरी सरकारलाई सेना परिचालनका लागि सिफारिस गर्ने निर्णय भएको छ ।'

नेपालको कानुनमा सुरक्षा परिषद्‌ले परिस्थिति हेरेर सेना परिचालनका लागि सरकारलाई सिफारिस गर्ने र मन्त्रिपरिषद्‌ले रामचन्द्र पौडेललाई परिचालनका लागि निर्णय सिफारिस गर्ने प्रावधान छ ।

यसअघि गत शुक्रबार बसेको राष्ट्रिय सुरक्षा समिति बैठकले निर्वाचनमा सेना परिचालनका लागि रक्षा मन्त्रालयमा लेखि पठाउने निर्णय गरेको थियो ।

निर्णय बमोजिम रक्षा मन्त्रालयमा पत्र पनि पुगिसकेको थियो । त्यो पत्र बिहीबारको परिषद् बैठकमा छलफल भएको थियो । त्यसपछि परिचालनका लागि सिफारिस गर्ने निर्णय गरिएको छ ।

परिषद् बैठकमा बारामा उत्पन्न तनावबारे पनि छलफल भएको छ । एमाले महासचिव शंकर पोखरेल र नेता महेश बस्नेत कार्यक्रममा सहभागी हुन जान लागेपछि बुधवारदेखि बाराको सिमरा क्षेत्रमा सुरु भएको तनाव अझै साम्य भएको छैन ।

एमालेसँगको विवादका कारण सिमरास्थित विमानस्थलमा बुधवार जेनजी युवाहरूले तोडफोड गरेका थिए ।

त्यसपछि त्यहाँ कर्फ्यु आदेश जारी भएको छ । त्यो कर्फ्यु बिहीबार राति ८ बजेसम्मका लागि लम्ब्याइएको छ । बुधवारदेखि सुरु तनाव नरोकिएपछि आज पुनः कर्फ्यु जारी गरिएको हो ।

सेना परिचालनका लागि सुरक्षा परिषद्‌ले निर्णय गर्नुपर्ने भएकाले यसबारे पनि छलफल भएको जनाइएको छ ।

# 'महाधिवेशन वैशाखमै गरौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले पार्टीको १५ औं महाधिवेशन तत्काल गर्न नहुने जनाएका छन् । नेपाल महिला संघले बिहीबार काठमाण्डुमा आयोजना गरेको कार्यक्रममा बोल्दै पूर्वगृहमन्त्रीसमेत रहेका नेता निधिले कांग्रेस पार्टीको महाधिवेशन तत्काल हुने सम्भावना नरहेको बताए ।

उनले अहिलेको प्राथमिकता प्रतिनिधिसभा निर्वाचन भएको भन्दै निर्वाचन पछि मात्र महाधिवेशन गर्नुपर्ने बताए ।

आगामी वैशाखमा पार्टीको नियमित महाधिवेशन गर्नुपर्ने भन्दै सोहीअनुसार तयारी गर्नुपर्ने उनको भनाइ छ ।

नेता निधिले भने, 'अहिले



निर्वाचनलाई नै प्राथमिकता दिऊँ । नेपाली कांग्रेसको १५ औं महाधिवेशन निर्वाचन सम्पन्न भइसकेपछि वैशाखमा गरौं । र त्यसैको तयारीमा हामी सबै लागौँ ।'

पछिल्लो समय कांग्रेसभित्र महाधिवेशनको विवाद उत्कर्षमा पुगेको बेला नेता निधिले स्पष्ट रुपमै पार्टीको बैठक नहुने बताए ।

महाधिवेशनको कार्यतालिकामा सहमति नजुट्दा पार्टी केन्द्रीय समिति बैठक निष्कर्षमा पुग्न सकिरहेको छैन ।

# छ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वास्थ्य कार्यालय बाजुराका तत्कालीन निमित्त कार्यालय प्रमुख अशोककुमार सिंहसहित छ जनाविरुद्ध विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको छ ।

सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा शिक्षा विकास तथा समन्वय एकाइ बाजुराका तत्कालीन इञ्जिनियर सुनेशकुमार चौरसिया, सव-इञ्जिनियर नरेश रावत तथा प्रसूति केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष पारस रोकाया, सचिव मुना रोकाया र कोषाध्यक्ष खडक ऐडी विरुद्ध मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

हिमाली गाउँपालिका-६ मा प्रसूति केन्द्र निर्माणका लागि स्वास्थ्य कार्यालय बाजुराले उपभोक्ता समितिलाई रु २६ लाख १५ हजार २०६ को लागतमा जिम्मेवारी दिएको थियो । तर निर्माण लागत अनुमान र मापदण्ड विपरीत गरी प्रयोगमा ल्याउन नसकिने अवस्थामा भवन बनाइएको र फर्जी बिल तथा प्रतिवेदनका आधारमा भुक्तानी लिइएको आयोगको अनुसन्धानबाट खुलेको हो ।

निर्मित संरचना हाल प्रयोगविहीन भई भग्नावशेषमा परिणत भएको र यसबाट सार्वजनिक सम्पत्तिको हिनामिना, हानी नोक्सानी तथा दुरुपयोग भएको आयोगले आयोगले जनाएको छ ।आयोगले प्रतिवादीहरूमाथि जनही रु १५ लाख आठ हजार ५५७ बिगो कायम गरेको छ ।रासस

# भारतले नेपाललाई थप १० वटा बेली ब्रिज

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाललाई थप १० वटा बेली ब्रिज (फलामे पुल) अनुदानमा भारतले दिएको छ । भारी वर्षापछि आएको बाढी पहिरोका कारण क्षति पुगेका सडक सञ्जाललाई नियमित रूपमा सञ्चालनका लागि भारतले यस वर्ष नेपाललाई अनुदानमा थप १० वटा बेली ब्रिज दिएको छ । गत वर्ष १० वटा बेली ब्रिज नेपाललाई भारतले दिएको थियो । नेपाल सरकारको अनुरोधमा भारत सरकारले बेली ब्रिज अनुदानमा उपलब्ध गराएको छ ।

भारतले उपलब्ध गराउने १० वटामध्ये एउटा बेली ब्रिज बिहीबार नेपाललाई हस्तान्तरण गरिएको छ । बाँकी नौवटा बेली ब्रिज एक हप्ताभित्र नेपाल आइ पुग्नेछन् । नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले बिहीबार हेटौंडामा ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङलाई बेली ब्रिज हस्तान्तरण गरे । भारतले उपलब्ध गराएको बेली ब्रिजको लम्बाइ ७० मिटर रहेको छ । पुलको चौडाइ सिंगल लेन ४.२५ मिटर रहेको छ । पुलको भारबहन क्षमता ३८ मेट्रिक टन रहेको छ ।

सो समारोहमा मन्त्री घिसिङले नेपाल प्राकृतिक विपद्‌को संकटमा रहेका वेला भारतले उपलब्ध गराएको सहायतले क्षति पुगेका पूर्वाधार शीघ्र पुनर्स्थापना गरी सडक सञ्जाल सहज बनाउन महत्वपूर्ण रहेको बताए । सडक, ऊर्जा, शिक्षा, स्वास्थ्य, क्षमता अभिवृद्धिलगायतका क्षेत्रमा भारत नेपालको विश्वसनीय



छिमेकी रहेको उल्लेख गर्दै मन्त्री घिसिङले संकटका समयमा उपलब्ध गराएको सहायताले द्विपक्षीय साझेदारी अझै दह्रो देखिएको बताए ।

नेपालका लागि भारतीय राजदूत श्रीवास्तवले नेपालको कठिन समयमा सहयोग गर्न सधैँ तयार रहेको बताए । यस वर्ष उपलब्ध गराइएको बेली ब्रिजको लम्बाइ केही लामो रहेकाले यसले धेरै क्षति पुगेका ठाउँमा जडान गर्न थप सहज हुने उल्लेख गर्दै उनले छनोट गरिएका ठाउँमा पुल जडानका लागि छिट्टै प्राविधिक टोली पनि आउने बताए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्मा र सडक विभागका महानिर्देशक विजय जैशीले प्राकृतिक विपद्‌ले क्षति पुर्‍याएका सडक सञ्चालनका लागि भारतका तर्फबाट उपलब्ध हुँदै आएको वस्तुगत र प्राविधिक सहयोगका लागि धन्यवाद व्यक्त गरेका थिए ।

> भारतले उपलब्ध गराउने १० वटामध्ये एउटा बेली ब्रिज बिहीबार नेपाललाई हस्तान्तरण गरिएको छ । बाँकी नौवटा बेली ब्रिज एक हप्ताभित्र नेपाल आइ पुग्नेछन् । नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले बिहीबार हेटौँडामा ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङलाई बेली ब्रिज हस्तान्तरण गरे ।

# ६ बुँदे घोषणापत्र जारी गर्दै अन्तर्राष्ट्रिय कर सम्मेलन सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । ६ बुंदे काठमाण्डु घोषणापत्र जारी गर्दै तीन दिनदेखि काठमाण्डुमा जारी अन्तर्राष्ट्रिय कर सम्मेलन २०२५ सम्पन्न भएको छ ।

विश्वका २० देशका करिब साढे ५ सय कर विज्ञ, व्यवसायी तथा नीति निर्माता सहभागी भएको सम्मेलन बिहीबार सम्पन्न भएको छ । एसिया-ओसियान ट्याक्स कन्सल्टेन्ट्स एसोसिएसन (एओटीसीए) को समन्वयमा हरेक वर्ष आयोजना हुँदै आएको यस सम्मेलन आगामी वर्ष हङकङमा आयोजना हुनेछ । मंगलबारदेखि शुरु भएको सम्मेलनमा ३ सय ५० जना अन्तर्राष्ट्रिय प्रतिनिधि र २ सय जना नेपाली कर व्यवसायी, नीतिनिर्माता, सरकारी अधिकारी, व्यवसायी तथा अन्तर्राष्ट्रिय विज्ञहरू सहभागी थिए । सम्मेलनको उद्घाटन अर्थसचिव घनश्याम उपाध्यायले गरेका थिए ।

नेपाल च्याम्बर अफ ट्याक्स कन्सल्टेन्ट्स (एनटीएनसी) ले एसिया-ओसियान ट्याक्स कन्सल्टेन्ट्स एसोसिएसन (एओटीसीए) को समन्वयमा सम्मेलन आयोजना गरेको थियो ।



नेपालका कर र वित्त व्यवसायीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने, कर नीति र अनुपालनमा अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यासहरूको आदानप्रदान र नेटवर्किङलाई प्रवर्द्धन गर्ने, प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन तथा कर र लगानी क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्ने उद्देश्यले सम्मेलन आयोजना गरेको एनटीएनसीले जानकारी दिए ।

यस सम्मेलनमा विकासशील देशहरूको कर प्रणालीको ऐतिहासिक विकास, उदाउँदा अर्थतन्त्रहरूमा कर नीति कार्यान्वयनका चुनौतीहरू, विश्वव्यापी कर अनुपालनमा कर व्यवसायीहरूको भूमिका, कर प्रशासनमा डिजिटल रूपान्तरणका अवसर र चुनौती, विकासशील अर्थतन्त्रमा कर व्यवसायीको आचारसंहिता र व्यावसायिक दायित्वलगायत विषयमा छलफल भएको थियो ।

उक्त सम्मेलनकै अंशस्वरुप शुक्रबार आन्तरिक राजस्व विभाग र एनटीएनसीको संयुक्त आयोजनामा ट्रान्सफर प्राइसिङका व्यवहारिक पक्षका विषयमा ४ घण्टा विशेष सेमिनार हुने जनाइएको छ । उक्त सेमिनारलाई ग्लोबल ट्याक्स एडभाइजर्स प्लाटफर्म (जीटीएपी) तथा सीएफई ट्याक्स एडभाइजर्स युरोपका अध्यक्ष प्रा. पियरजियोर्जियो भालेंटेले बताए ।

यस सम्मेलनमा सहभागीहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) ले १२ कन्टिन्यूयिङ प्रोफेसनल एडुकेसन (सीपीई) क्रेडिट घण्टा स्वीकृत गरेको छ ।

सन् १९९२ मा स्थापना भएको एसियन-ओसियान ट्याक्स कन्सल्टेन्ट्स एसोसिएसनले कर परामर्श व्यवसायमा उच्च नैतिक मापदण्ड, व्यावसायिक उत्कृष्टता र समावेशी तथा दिगो आर्थिक विकासलाई प्रोत्साहन गर्ने कर सुधारहरूलाई समर्थन गर्दै आएको छ ।

नेपाल च्याम्बर अफ ट्याक्स कन्सल्टेन्ट्स २०१६ मा अवधारणा स्थापना भई २०१८ मा दर्ता भएको संस्था छ । यसले नेपालमा कर सम्बन्धी नीतिगत अध्ययन, कर विज्ञहरूको प्रवर्द्धन, प्रचलित अन्तर्राष्ट्रिय कर अभ्यासको विश्लेषण, कर व्यवसायीको संस्थागत विकास लगायत काम गर्दै जनाएको छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | पराक्रम र प्रसिद्धि बढाउने समय छ । |
| वृष : | आर्थिक लगानी बढाउन अनुकूल छ । कारोबारमा सुधार आउने योग छ । |
| मिथुन : | दैनिक कामकाज सजिलै सम्पन्न हुनेछ। घरपरिवारमा राम्रो छ । |
| कर्कट : | परिवारका कुनै सदस्यको अस्वस्थताका कारण चिन्ता बढ्ने छ । |
| सिंह : | मिहिनेत गर्नुपर्छ, जे गरे पनि सफलता आर्जन हुने दिन छ । |
| कन्या : | काममा सोचेजस्तै सफलता मिल्नुका साथै उन्नति गर्ने अवसर प्राप्त हुने योगछ। |
| तुला : | दान, पुण्यका कार्यमा आकर्षण बढ्नेछ। |
| वृश्चिक : | सामाजिक र परोपकारका मार्गमा अवरोध हुनेछ । |
| धनु : | घुमघाम, भेटघाट र मनोरञ्जनमा दिन बित्नेछ । |
| मकर : | आजको विनियोजन र लगानीले उत्तरोत्तर फाइदा हुनेछ । |
| कुम्भ: | ज्ञान र चिन्तन उपयोगी बन्नसक्छ । माया-प्रेमको वातावरण बन्नेछ । |
| मीन : | घरपरिवारभित्रका विविध समस्यामा रुमल्लिनु पर्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रामजानकी विवाहपञ्चमी महाउत्सवको पहिलो दिन जनकपुरधामको जानकी मन्दिरको प्राङ्गणमा आयोजित नगर दर्शन कार्यक्रममा भगवान् सीता र रामको वेशमा  बाल कलाकार।
*तस्बिरः चन्द्रदेव साह*

# बालश्रम नियन्त्रण गर्न कार्यदल गठन

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेस प्रदेशमा बढदै गएको बालश्रम नियन्त्रण तथा व्यवस्थापन गर्न विशेष कार्यदल गठन गरिएको छ।

जनकपुरधाममा भएको सरोकारवालाको बैठकका बीच राष्ट्रिय बाल अधिकार परिषद् मधेस प्रदेशको संयोजनमा बनेको सो कार्यदलमा बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाको प्रतिनिधित्व रहने जनाइएको छ।

श्रम तथा रोजगार कार्यालय, स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ, आसमान नेपालसहित मानवअधिकार सम्बन्धी संस्थाहरूलाई समितिमा समावेश गर्ने निर्णय गरेको हो।

कार्यदलले बारे जानकारी दिदैं राष्ट्रिय बाल अधिकार परिषद् मधेस प्रदेशका समन्वय अधिकारी सञ्जीव कुमार महतोले जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको उद्धार,



आश्रय तथा पुनः स्थापनामा केन्द्रित भएर काम गर्नेछ। हाल मधेस प्रदेशका विभिन्न जिल्लामा ११.५ प्रतिशत बालश्रम रहेको तथ्याङ्क रहेको  छ।

प्रदेशमा ईँटा भट्टा, होटल, टेन्टहाउस तथा यातायात क्षेत्र बालश्रमलाई सबैभन्दा जोखिमपूर्ण क्षेत्रका रूपमा पहिचान गरिएको छ। पछिल्लो समय बालहेल्पलाइनमा प्राप्त गुनासोका आधारमा ५७ बालबालिकालाई उद्धार गरी पुनः स्थापना गरिएको समितिले जनाएको छ।

सप्तरीदेखि सर्लाहीसम्मको क्षेत्रलाई समेटेर बालश्रम ऐन २०५६ विपरीत काम गराउने व्यक्ति तथा संस्थामाथि कानुनी कारबाही गर्ने अधिकार श्रम तथा रोजगार कार्यालयमा निहित रहेको सो कार्यालय जनकपुरधामस्थित प्रमुख दिवाकर भुजेलले कार्यालयले बताएका थिए।

कार्यक्रममा उपस्थित जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले नयाँ कार्यदलले प्रभावकारी ढङ्गले काम गर्ने विश्वास व्यक्त गर्दै यसले प्रदेशमा बालश्रमको दर घटाउने विश्वास व्यक्त गरेको थियो।

# जेनजी प्रदर्शनका क्रममा आगजनी गर्नेलाई मुद्दा दर्ता

काठमाण्डु। जेनजी प्रदर्शनका क्रममा विभिन्न कारागारबाट फरार कैदीहरु रुपन्देहीमा पक्राउ परेका छन्। गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा कारागार कार्यालयमा भएको तोडफोड, आगजनीपश्चात् फरार कैदीलाई प्रहरीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय रुपन्देही र कार्यालय मातहतसमेतबाट फरार कैदीलाई नियन्त्रणमा लिई जिल्ला कारागार कार्यालय रुपन्देहीमा बुझाइएको छ।

कपिलवस्तु कारागारबाट फरार बैंकिङ कसूर मुद्दाका ४४ वर्षीय तुलबहादुर पुनलाई इलाका प्रहरी कार्यालय सालझण्डीबाट खटेको टोलीले मङ्सिर १ गते नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिनभयो।त्यस्तै इलाका प्रहरी कार्यालय मङ्गलापुरबाट खटिएको टोलीले नवलपरासी कारागारबाट फरार जबरर्जस्ती करणीमुद्दाकारुपन्देहीकोतिलोत्तमा नगरपालिका-३ बस्ने ५० वर्षीय रुद्रबहादुर पुनलाई मङ्सिर २ गते पक्राउ गरेको हो।

त्यसैगरी जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले तनहुँ कारागारबाट फरार लागुऔषध मुद्दाका भारतको जिल्ला महाराजगञ्ज थाना नौतनवा बस्ने २० वर्षीय दीपक कुमारलाई बुधबार पक्राउ गरेको छ। कुमारलाई सिद्धार्थनगर नगरपालिका-१३ बाट पक्राउ



गरिएको प्रहरीले जनाएको छ।

यस्तै गत भदौ २४ गते प्रहरी कार्यालयमा आगजनी, तोडफोड र चोरीमा संलग्न ६ जनालाई इलाका प्रहरी कार्यालय बुटवलले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय, बुटवलले भदौ २४ गते बुटवलका विभिन्न सरकारी तथा व्यावसायिक प्रतिष्ठान तथा प्रहरीका हतियार तथा समान लुटपाट गर्ने, आगजनी र तोडफोड गर्ने ६ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको इलाका प्रहरी कार्यालय, बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्र रानाले जानकारी दिनुभयो।

यसरी पक्राउ पर्नेमा इलाका प्रहरी कार्यालय मङ्गलापुरमा आगजनी र तोडफोड गर्ने, प्रहरी कार्यालयबाट हतकडी चोरी गर्ने तथा ड्रिमल्याण्ड होटेलमा आगजनी, तोडफोड र चोरीमा सङ्लग्न रहेकाहरू छन्।

प्रहरी उपरीक्षक रानाका अनुसार प्रहरी कार्यालयमा आगजनी र तोडफोड गर्नेमा तिलोत्तमा नगरपालिका-९ का ३२ वर्षको मुर आलम मुसलमान, ३६ वर्षको सुरज भण्डारी, २७ वर्षको कुमार उप्रेती र तिलोत्तमा ७ को १९ वर्षको विनोद सुनुवार रहेका छन्।

त्यस्तै प्रहरी कार्यालय मङ्गलापुरबाट हतकडी चोरी गर्ने बुटवल उपमहानगरपालिका-११ का २९ वर्षीय विवेक शाहीलाई पनि प्रहरीले पक्राउ गरेको छ। शाहीले प्रहरी कार्यालयबाट हतकडी चोरी फरार रहेका थिए। उनलाई आफ्नै कोठाबाट हतकडीसहित पक्राउ गरिएको प्रहरी उपरीक्षक रानाले बताउनुभयो।

त्यस्तै ड्रिमल्याण्ड होटेलमा आगजनी, तोडफोड र चोरीमा संलग्न बुटवल उपमहानगरपालिका-४ को ३८ वर्षीय अनिल थापा पनि पक्राउ परेका छन्। पक्राउ परेका सबैलाई चोरी र आपाराधिक उपद्रता मुद्दा दर्ता गरिएको प्रहरी नायब उपरीक्षक रानाले जानकारी दिनुभयो।रासस

# मुख्यमन्त्रीलाई काम गर्नबाट रोक लगाउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम। सात दलीय गठबन्धनसम्बद्ध विद्यार्थी संगठनहरूले मधेश प्रदेशमा असंवैधानिक तरिकाले नियुक्त गरिएको भन्दै प्रदेश प्रमुखलाई ज्ञापनपत्र बुझाएका छन्।

सर्वोच्च अदालतले मंसिर २ मा जारी गरेको अन्तरिम आदेशको आधारमा विवादित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ले कुनै पनि नीतिगत वा दीर्घकालीन प्रभाव पार्ने निर्णय नगर्न निर्देशन दिइएको भन्दै बिहीबार उनीहरूले कार्यसम्पादन रोक्न लगाउन ज्ञापनपत्र मार्फत गरेका छन्।

सर्वोच्च अदालतले मधेश प्रदेशमा नियुक्ति प्रक्रियामै संवैधानिक मूल्य-मान्यता र संसदीय मर्यादाको उल्लंघन भएको प्रथम दृष्टिमा पुष्टि गर्दै मुद्दाको टुंगो नलागेसम्म विवादित सरकारका निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएका



थिए। विद्यार्थी संगठनहरूले बुझाएको ज्ञापनमा कार्तिक २३ मा गठन भएको भनिएको मन्त्रिपरिषद् अदालतकै प्रथम दृष्टिमा असंवैधानिक ठहरिएकाले नैतिक तथा सैद्धान्तिक दुवै हैसियतले कुनै पनि निर्णय गर्ने अधिकार छैन भनिएको छ।

देश आर्थिक सङ्कट र जेनजी आन्दोलनपछिको संवेदनशील अवस्थाबाट गुज्रिँदै गर्दा विवादित सरकारलाई दिइने सम्पूर्ण सेवा सुविधा तथा नीतिगत अधिकार रोक्का राख्न माग गरिएको छ।

उनीहरुले विवादित मुख्यमन्त्रीले प्रादेशिक कर्मचारीहरूको सरुवा, पदस्थापन, कार्यालय प्रमुख तोक्ने, योजनासम्बन्धी पत्रहरू वितरण गर्नेलगायतका मौखिक दबाब मन्त्रालय र कर्मचारीहरूलाई दिइरहेको सूचना आइरहेको ज्ञापनपत्रमा उल्लेख समेत गरेको छ।

# निर्माणाधीन संसद् भवनको अवलोकन

काठमाण्डु। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाललगायतको टोलीले विहीबार सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको अवलोकन गर्नुभएको छ।



अवलोकनपछि प्रतिक्रिया दिनुहुँदै सभामुख घिमिरेले संसद् भवन निर्माणको गति सन्तोषजनक नभए पनि काममा भने केही प्रगति भएको बताउनुभयो। निर्माण कम्पनीले आगामी चैतसम्म निर्माण सम्पन्न गर्ने भने पनि उक्त समय पर्याप्त नभए पनि चाँडै संसद् भवन निर्माण सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रियसभाका अध्यक्ष दाहालले अघिल्लो अवस्थाका तुलनामा अहिले निर्माण कार्यमा प्रगति भएको पाइएको बताउनुभयो।अवलोकन टोलीमा राष्ट्रियसभाका उपाध्यक्ष, सङ्घीय संसद्का महासचिव, सचिव तथा कर्मचारीलगायत सहभागी हुनुहुन्थ्यो। रासस

## नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठक शनिबार बस्दै



पाटन। नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको विहीबार बस्ने भनिएको बैठकको मिति पुनःपरिवर्तन भएको छ।

पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले दिनुभएको जानकारी अनुसार आज दिउँसो २:०० बजे पार्टी केन्द्रीय कार्यालय, बिपी स्मृति भवन ललितपुरमा बस्ने भनिएको बैठक यही मङ्सिर ६ गते शनिबार दिउँसो १:०० बजे बस्ने भएको छ। उक्त बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य र सात वटै प्रदेश कार्यसमितिका सभापतिको उपस्थितिका लागि निर्देशानुसार अनुरोध गरिएको उहाँले जानकारी दिनुभयो।रासस

# प्रधानमन्त्री र नेकपा माओवादीका नेताबीच भेटवार्ता



काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्की र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शीर्ष नेताहरूबीच आज भेटवार्ता भएको छ।

उक्त पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' र प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'ले आज बालुवाटारमा प्रधानमन्त्री कार्कीसँग भेटगरी समसामयिक राजनीतिक विषयमा आफ्ना विचार राख्नुभएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिनुभयो।

"विद्रोहको बलमा बनेको यो सरकारलाई हाम्रो पूरा साथ र समर्थन छ", महासचिव विप्लवले भन्नुभयो, "अहिलेको अवस्थाको सुरक्षित निकासका लागि राजनीतिक समझदारीलाई अझै बृहत् बनाउँदै लैजाऔँ। जेनजीले आन्दोलनका क्रममा उठाएका मागहरू पूरा गरौँ।"रासस

# नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रकरण, छानबिन समितिले बुझायो प्रतिवेदन




काठमाण्डु। नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रकरणका सम्बन्धमा गठित छानबिन समितिले प्रतिवेदन बुझाएको छ। छानबिन समितिका संयोजक पूर्वसचिव मणिराम गेलालले विहीबार सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेललाई उक्त प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

प्रतिवेदन बुझ्दै मन्त्री खरेलले मन्त्रालयको आन्तरिक प्रयोजनका लागि समिति गठन गरिएको उल्लेख गर्दै प्रतिवेदनका आधारमा नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रिया अवरुद्ध नहुने स्पष्ट पार्नुभयो।

"नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रियामा प्रतिवेदन आफैले अवरोध गर्दैन, नेपाल टेलिकम कानूनको परिधिभित्र रहेर निर्णय गर्नका लागि स्वतन्त्र छ", उहाँले भन्नुभयो। मन्त्री खरेलले बिलिङ खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत चासो राख्दै पत्र प्राप्त भएकाले सन्दर्भ सामग्रीका रुपमा अध्ययन प्रतिवेदन तयार पारिएको बताउनुभयो। आफूले भर्खरै प्रतिवेदन प्राप्त गरेको र अध्ययनको चरणमै रहेको उहाँको भनाइ थियो। प्रतिवेदनले दिएका सुझावहरु आगामी दिनमा खरिद प्रक्रियाका लागि सहयोगी हुने मन्त्री खरेलले बताउनुभयो।

छानबिन समितिका संयोजक पूर्वसचिव गेलालले यस अध्ययन प्रतिवेदनले नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रियामा भएका गोप्य बोलपत्र मूल्याङ्कनलाई प्रभावित नहुने स्पष्ट पार्नुभयो। "हामीले प्रतिवेदनमार्फत नेपाल टेलिकमले प्रतिष्पर्धी बजारमा आफूलाई स्थापित गराउन र सेवाग्राहीका व्यक्तिगत विवरणको गोपनीयता तथा सुरक्षाका सम्बन्धमा केही सुझाव पनि दिएका छौँ", उहाँले भन्नुभयो। पूर्वसचिव गेलाल संयोजक रहेको छानबिन समितिको सदस्यहरुमा सहसचिवत्रय गौरव गिरी, आदेश खड्का र  कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक डा कमल लामिछाने र मन्त्रालयका उपसचिव राजेश थापा हुनुहुन्थ्यो।रासस

# एमबिबिएसमा नाम निकाल्न सफल मिट क्याम्पसका तीन विद्यार्थी सम्मानित



**टुडे समाचारदाता**


जनकपुरधाम। मिथिला इन्स्टिच्युट अफ टेक्नोलोजी (मिट) क्याम्पस जनकपुरधामका तीन विद्यार्थीले चिकित्सा शिक्षा आयोगद्वारा लिइएको एमबिबिएस प्रवेश परीक्षामा उत्कृष्ट सफलता हासिल गर्दै नाम निकाल्न सफल भएका छन्। क्याम्पसले उनीहरूलाई विशेष सम्मान गर्दै सफलताको खुसी साझा गरेको हो।

क्याम्पसका विद्यार्थी अर्जुन मण्डल (रोल नं. १३२), मुरली शर्मा (रोल नं. १५३) र प्रथम प्रयासमै सफल स्नेहा झा (रोल नं. २५३) ले २०८२ को प्रवेश परीक्षामा प्रतिस्पर्धी हजारौँ विद्यार्थीबीच उत्कृष्ट स्थान बनाएका हुन्। उनीहरूमध्ये स्नेहा झाको अनुपस्थितिमा उनको सम्मानका रूपमा उनका बुवा सुदिष्ट नारायण झाले प्रमाणपत्र ग्रहण गरेका थिए।

बुधबार क्याम्पसमा आयोजित सम्मान समारोहमा क्याम्पसका अध्यक्ष विनोद साह, प्राध्यापक तथा शिक्षकहरूले अबिर, टीका र दोसल्ला ओढाइ उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई सम्मान गरे। कार्यक्रमलाई बधाई तथा शुभकामना व्यक्त गर्दै अध्यक्ष साहले क्याम्पसले निरन्तर गुणस्तरीय शिक्षा र उत्कृष्ट वातावरण प्रदान गर्दै आएको दाबी गरे।

सम्मान ग्रहण गर्दै विद्यार्थीहरूले क्याम्पसको शिक्षण पद्धति, शिक्षकहरूको मार्गदर्शन र आफ्नै मेहनतले सफलता हासिल गर्न मद्दत पुगेको बताए। उनीहरूले प्लस टूको पाठ्यक्रममै आधारित प्रश्नहरू हुने भएकाले नियमित अध्ययन र केन्द्रित तयारीले मेडिकल प्रवेश परीक्षा सफलतापूर्वक पार गर्न सकिने अनुभव साझा गरे।

कार्यक्रममा सहभागी अभिभावक र क्याम्पस परिवारले सफल विद्यार्थीको उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दै क्याम्पसले आगामी दिनमा पनि यस्तै सफलता दोहोर्याउने विश्वास व्यक्त गरे।सोही कार्यक्रममा पत्रकारितामार्फत शैक्षिक क्षेत्रको प्रवर्द्धनमा योगदान पुर्याउँदै आएका स्थानीय सञ्चारकर्मीहरूलाई समेत सम्मान गरिएको थियो।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पदमुक्त सभामुख

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डललाई विपक्षी दलहरुले महाअभियोग लगाएर पदमुक्त गरेका छन् । मण्डल नेकपा एमालेको तर्फबाट सभामुख निर्वाचित भएका थिए । तत्कालीन समयमा एमालेलाई समर्थन गर्ने दलहरुले नै हाल महाअभियोग लगाएका छन् । सभामुख अत्यन्त मर्यादित र अधिकार सम्पन्न पद हो । प्रदेश सभामा मुख्यमन्त्री पनि सभामुखको निर्देशनलाई पालना गर्नुपर्ने हुन्छ । सरकारलाई रुलिंग गर्ने अधिकार समेत रहेको सभामुखले प्रदेश सभाको बैठकलाई दलगत स्वार्थ भन्दा माथि उठेर निष्पक्ष, पारदर्शी र लोकतान्त्रिक विधि अनुसार सञ्चालन गर्नुपर्छ । मण्डल मधेश प्रदेशमा दोस्रो कार्यकालका लागि सभामुख चुनिएका थिए । करिब तीन वर्ष पूरा गर्न लागेका सभामुख मण्डल मनपरी गर्न थालेको आरोप लागेको थियो । महाअभियोगको प्रस्तावमाथि भएको छलफलमा सहभागी सांसदहरुले सभामुख मण्डलले मन्त्रीहरुलाई धम्काएर बजेट लिने, मुख्यमन्त्री र अर्थमन्त्रीलाई दवाव दिएर भने बमोजिमको बजेट लिने गरेको थियो । यस्ता आरोपहरु सांसदहरुले प्रदेश सभा बैठकमा नै लगाएका थिए । बजेट र योजनाको विषयमा सभामुख कयौँ पटक विवादमा परेका थिए । सभामुखको क्रियाकलापबाट एमालेकै कतिपय सांसदहरु सन्तुष्ट थिएनन् । सभामुखमाथि महाअभियोग लागेको नेपालको लोकतान्त्रिक इतिहासमा पहिलो हो ।सभामुखमाथि महाअभियोग लगाउन दुई तिहाई बहुमत चाहिन्छ ।त्यो संख्या धेरै छ । तर मण्डलमाथि लगाइएको महाअभियोगमा दुई तिहाइभन्दा बढी सांसदहरुले समर्थन जनाए । यसले सभामुखप्रति सांसदहरुको आक्रोश झल्किन्छ ।महाअभियोग प्रस्ताव दर्ता गर्न गएका सांसदहरुलाई बन्धक बनाएर आफूसमेत हातपात गर्नु सभामुख मण्डलको अशोभनीय कार्य थियो । पदमा रहेको बखत शक्तिको दुरुपयोग गर्न हुँदैन । सांसदहरु उपर हातपात गरेका सभामुख मण्डलप्रति अन्य सांसदहरु पनि आक्रोशित भए । प्रदेश सभाको बैठक आह्वान भइसकेपछि उनले आफ्ना कार्यकर्ता र आफन्तहरुलाई प्रयोग गरी कर्मचारीहरुलाई भगाउनु पदीय मर्यादा अनुसारको कार्य होइन । प्रदेश सभा बैठक कक्षको इन्टरनेट, बिजुलीको लाइन काट्नु सभामुखका लागि लज्जाष्पद कार्य हो । कानुन अनुसार सबै निकाय सञ्चालन हुन्छ । कसैले बल प्रयोगगरि कानुन विपरीत कार्य छोटो समयका लागि गर्न सक्छन् । त्यस्ता कार्य सँधैका लागि रहँदैन । सभामुख हुँदा रामचन्द्र मण्डलले गरेको व्यवहार भोलीको दिनमा उनीसित हुनु हुँदैन । अब निर्वाचित हुने सभामुखले प्रदेश सभाको गरिमालाई कायम राख्नु पर्छ । पछिल्लो घटनाहरुले मधेश प्रदेश निकै बदनाम भएको छ । यसले सभामुख मण्डल अथवा एमाले पार्टीको मात्र नभै सबै दल र प्रदेशवासीको शीर निहुरेको छ । पहिचानको आधारमा नामकरण भएको मधेश प्रदेश मात्र एउटा हो । संघीयताको जननीको रुपमा मधेश प्रदेशलाई चिनिन्छ । त्यसकारण यहाँ सबै कार्य कानुन सम्मत र लोकतान्त्रिक विधि अनुसार हुनु आवश्यक छ ।

# मधेस प्रदेशमा एमालेको अनुचित हस्तक्षेपले संघीयता कमजोर बनाउने खतरा



डा.केदार कार्की

मधेशलाई नेपाली राजनीतिक प्रणालीमा 'राष्ट्रिय प्रयोगशाला' रूपन्तरित गर्ने प्रयास भइरहेको छ। यसले संघीयता विरोधी र समर्थकहरूको बीचमा तीव्र द्वन्द्व जन्माएको छ।मधेस प्रदेशमा पछिल्ला केही हप्तादेखि देखिएको राजनीतिक अशान्ति कुनै साधारण विवाद होइन । यो विवादले प्रदेशको संवैधानिक मर्यादा, शक्ति-सन्तुलन र संघीय शासनको आधारभूत मूल्यहरू नै प्रश्नमा पारेको छ । घटनाक्रमको मूलमा नेकपा एमालेका केही नेतृत्वले देखाएको अनावश्यक कठोरता, अविवेकपूर्ण निर्णय, र अधिकार दुरुपयोगको प्रवृत्ति रहेकाले यसको प्रभाव आज प्रदेशको स्थिरता, जनताको भरोसा र समग्र लोकतान्त्रिक प्रणालीमा परिरहेको छ ।

मधेशी प्रदेशमा हालैका राजनीतिक घटनाक्रमहरूले नेकपा-एमालेले नेपालमा प्रान्तीय सरकारलाई अस्थिर बनाउने र संघीयतालाई कमजोर पार्ने प्रयास गरिरहेको आरोप लगाएका छन्।

यी चिन्ताहरू नोभेम्बर २०२५ मा नेकपा-एमाले संसदीय नेतालाई मुख्यमन्त्रीको रूपमा विवादास्पद नियुक्तिबाट उत्पन्न भएका हुन्। पूर्व प्रान्तीय प्रमुख सुमित्रा सुवेदी भण्डारी (जसलाई सामान्यतया नेकपा-एमाले नजिकको मानिन्छ) ले संविधानको धारा १६८(३) अन्तर्गत सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन्, जुन नियम बहुमतको गठबन्धन गठन हुन नसकेको बेला मात्र लागू हुन्छ। अन्य सात दलहरूले तर्क गरे कि प्रदेश प्रमुखले धारा १६८(२) अन्तर्गत बहुमत दाबी गर्ने गठबन्धनलाई सरकार गठन गर्न अनुमति दिनुपर्थ्यो। नियुक्ति र शपथ ग्रहण समारोह प्रान्तीय राजधानीबाट टाढाको होटलमा आयोजना गरिएको थियो, जसलाई आलोचकहरूले "संघीयताको उपहास" र लोकतान्त्रिक अभ्यासहरूमाथि आक्रमण भनेका छन्।

सबैभन्दा पहिला, एमाले नजिककी मधेस प्रदेश प्रमुखले कानुन र परम्परागत प्रक्रियालाई उल्ट्याउँदै होटलमै एमाले संसदीय दलका नेतालाई शपथ गराएको कदमले नै ठूलो विवादको सुरुवात गर्‍यो । संवैधानिक पदाधिकारीले कार्यालयको औपचारिक संरचनालाई बाइपास गर्दै 'होटल प्रशासन'मार्फत् सत्ता सञ्चालन गरेको जस्तो देखिने यस्तो कार्यले संघीयता र संविधानको मूल्यप्रति सरासर अवहेलना गरेको सन्देश दियो । सरकारको दबाब र जनआन्दोलनको चर्को आलोचनापछि संघीय सरकारले उनीलाई पदमुक्त गर्नुपरेको थियो । तर, यसले एमालेले पछिल्लो समय प्रदेश राजनीतिमा अपनाउँदै आएको व्यवहारको संकेत दिएको थियो–जसमा कानुनी प्रक्रियाभन्दा पार्टीगत हित र शक्ति प्रदर्शनलाई प्राथमिकता दिइएको छ ।

यही क्रमको अर्को विवाद सभामुख रामचन्द्र मण्डलको निर्णयमा छुट्टै रूपमा सतहमा आयो । एमालेबाट सभामुख बनेका मण्डलले पाँच जना प्रदेश सांसदलाई कानुनी प्रक्रिया पूरा नै नगरी, प्रसङ्ग र औचित्य नबुझाई एकतर्फी ढंगले पदमुक्त गरेका थिए । एक संवैधानिक पद र प्रक्रियागत न्यायका संरक्षकका रूपमा रहेका सभामुखले मनोमानी ढंगले संसदको संरचना नै परिवर्तन गर्न खोज्नु प्रदेश लोकतन्त्रको लागि अत्यन्त खतरनाक संकेत हो । यसविरुद्ध सर्वोच्च अदालतले निर्णय कार्यान्वयन नगर्न आदेश दिनुपरेको तथ्यले पनि सभामुखको कदम कति असंवैधानिक थियो भन्ने पुष्टि गर्छ ।

यसरी एकपछि अर्को संवैधानिक संस्थामाथि हस्तक्षेप बढ्दै जाँदा प्रदेश सभामै राजनीतिक असन्तुष्टि बढ्दो थियो । अन्ततः विभिन्न सात दलका सांसदहरूले सभामुखविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गरे । ६४ सांसदको हस्ताक्षरले समर्थित यो प्रस्ताव केवल दलगत प्रतिशोध थिएन, यो संस्थागत मर्यादा पुनःस्थापित गर्ने साझा प्रयास थियो । बुधबार प्रदेश सभामा प्रस्ताव पेश हुँदा ७६ मत सभामुखविरुद्ध खस्नु भनेको दुई तिहाइभन्दा धेरै सांसदहरू मण्डलको कार्यशैली र उनका निर्णयसँग असहमत भएको स्पष्ट प्रमाण हो ।

महाअभियोग प्रस्तावका आरोपहरू कुनै सामान्य गल्ती थिएनन् । सभामुख मण्डलले कार्यव्यवस्था परामर्श समितिको निर्णयविपरीत विपक्षी दलका नेताहरूलाई रोष्टम प्रयोग गर्न नदिएको, सत्तापक्षका सांसदहरूलाई मात्र बोल्न अनुमति दिएको, प्रतीक्षारत सांसदहरूलाई बोल्न नदिएको तथा विपक्षी अनुपस्थितिमा समेत बैठक सञ्चालन गरेको जस्ता व्यवहारले सभामुखको (निरपेक्ष भूमिकामाथि नै प्रश्न उठाएको छ । सभामुखले आफ्नै दलको राजनीतिक स्वार्थका आधारमा संसद सञ्चालन गर्न खोज्नु, संघीय लोकतन्त्रमा नपुग्ने गम्भीर त्रुटि हो ।

यति हुँदा पनि एमाले नेतृत्वले कुनै गल्ती स्वीकार नगरी, अझै पनि यही शैलीमा अडान लिएर बसेको देखिनु मधेस प्रदेशको राजनीतिक वातावरणका लागि थप दुर्भाग्यपूर्ण हो । संसदीय प्रणालीको बलियो आधार भनेकै बहस, सहमति, र प्रक्रियागत मर्यादा हो । जब राजनीतिक दलले आफ्ना पदाधिकारीहरूबाट भएका गल्तीको आत्ममूल्यांकन गर्न भन्दा प्रतिरक्षात्मक भूमिकामा जान्छ, तब समस्या झन् गहिरो बन्दछ । आज मधेस प्रदेशमा भइरहेको समस्या पनि यही कारणले चर्किएको छ–गल्तीका जिम्मेवार व्यक्तिहरूले गल्ती स्वीकार नगर्नु, सुधार नगर्नु र प्रक्रियालाई सम्मान नगर्नु ।

मधेस प्रदेशमा देखिएको यो अवस्थाले संघीयता कमजोर बनाउने दिगो खतरा बोकेको छ । प्रदेश सरकार, प्रदेश प्रमुख, र प्रदेश सभामुखजस्ता संवैधानिक निकायहरू कुनै दलका कार्यकर्ता मात्र होइनन्, तिनीहरू संविधानका संरक्षक हुन् भन्ने कुरा एमाले नेतृत्वले आत्मसात गरेको देखिएन । होटलदेखि संसदसम्म भएका विवादहरूको मुख्य कारण नै यही हो–दलीय स्वार्थलाई राज्यका संरचनाभन्दा माथि राख्ने मनोवृत्ति ।

अब प्रदेशले नयाँ सभामुख चयन गर्दैछ । तर, पद बदलिनु मात्र समाधान होइन । मूल समस्याको समाधान संघीयताको मूल्यप्रति सबै दलको समान प्रतिबद्धता र प्रक्रियागत शुद्धता पुनः शिक्षित गरिनुमा छ । लोकतन्त्रमा पदाधिकारीहरूले गल्ती गरेमा जाँच-बुझ, महाअभियोग, र कानुनी सजाय सामान्य प्रक्रिया हुन् । तर, राजनीतिक दलहरूले आफ्ना व्यक्तिहरू गल्ती गर्दा पनि सत्य स्वीकार्न नचाहनु, बचाउ गर्न खोज्नु र विरोधीलाई दोष दिने प्रवृत्ति जारी रहँदै गए संघीय शासनप्रति नागरिकको विश्वास कमजोर भएर जानेछ ।

> अब प्रदेशले नयाँ सभामुख चयन गर्दैछ । तर, पद बदलिनु मात्र समाधान होइन । मूल समस्याको समाधान संघीयताको मूल्यप्रति सबै दलको समान प्रतिबद्धता र प्रक्रियागत शुद्धता पुनः शिक्षित गरिनुमा छ । लोकतन्त्रमा पदाधिकारीहरुले गल्ती गरेमा जाँच-बुझ, महाअभियोग, र कानुनी सजाय सामान्य प्रक्रिया हुन् । तर, राजनीतिक दलहरुले आफ्ना व्यक्तिहरु गल्ती गर्दा पनि सत्य स्वीकार्न नचाहनु, बचाउ गर्न खोज्नु र विरोधीलाई दोष दिने प्रवृत्ति जारी रहँदै गए संघीय शासनप्रति नागरिकको विश्वास कमजोर भएर जानेछ ।

अर्को महत्वपूर्ण कुरा–मधेस प्रदेशले विगत पाँच वर्षमा धेरै राजनीतिक उतारचढाव देखिसकेको प्रदेश हो । हरेक विवादमा संघीयताको नाम लिएर होहल्ला मच्चिन्थ्यो तर संवैधानिक मूल्यको पालनामा कमजोरी देखिन्थ्यो । आजको विवादले फेरि एक पटक सबैलाई सम्झाएको छ कि संवैधानिक पदका व्यक्तिहरूले गल्ती गर्दा त्यसको राजनीतिक र कानुनी मूल्य जरुर चुकाउनु पर्छ । यसले संस्थाको गरिमा जोगिन्छ, गलत उदाहरण रोकिन्छ, र लोकतान्त्रिक शुचिता कायम हुन्छ ।

एमाले नेतृत्वका केही व्यक्तिहरूले देखाएको अविवेकी आचरणले संघीयताको धज्जी उठाएको आजको अवस्थाले दलहरूबीच मात्र होइन, जनता र राज्यबीचको दूरी पनि बढाएको छ । जब कानुनी प्रक्रिया र राजनीतिक संस्कारलाई कमजोर बनाइन्छ, तब जनताले शासन प्रणालीप्रति नै अविश्वास गर्न थाल्छन् । यही कारण, मधेस प्रदेशका दलहरूले अहिले गरेको कदम–सभामुख पदमुक्त गर्नु र संवैधानिक मर्यादा पुनःस्थापित गर्ने प्रयास–प्रदेश र देश दुवैका लागि आवश्यक र सही दिशातर्फको संकेत हो ।

सर्वोच्च अदालतले नयाँ मुख्यमन्त्रीलाई नियुक्तिको संवैधानिकताको समीक्षा हुँदा दीर्घकालीन निर्णयहरू गर्नबाट रोक लगाउने अन्तरिम आदेश जारी गर्‍यो। सात दलीय गठबन्धनले बारम्बार धर्ना दिएको छ र सरकारी हलमा ताला लगाएपछि बाहिर सभा बैठक पनि गरेको छ। नेकपा-एमालेसँग सम्बद्ध प्रदेश सभा अध्यक्षलाई पनि राजनीतिक उथलपुथलको बीचमा हालै उनको पदबाट हटाइएको थियो।

राजनीतिक विज्ञहरू भन्छन् कि नेकपा-एमाले लगायत प्रमुख दलहरूको केन्द्रीय नेतृत्वले गरेको यस्तो हस्तक्षेप संघीयतालाई असफलताको रूपमा चित्रण गर्ने र प्रादेशिक स्वायत्ततालाई कमजोर पार्ने "जानाजानी गरिएको षड्यन्त्र" हो।

मूलतः मधेश प्रदेशले नेपालको संघीय संरचनामा विशेष स्थान राख्छ । मधेशी समुदाय र समावेशीकरणको मागसँग यो गहिरो रुपले सम्बन्धित छ । मधेशमा जात-आधारित, भाषागत, क्षेत्रीय मागहरु बढी छन् । यीसँग न्यायपूर्ण व्यवहार स्थापित हुन नसकेकोमा आलोचना भैराखेको छ । हाल विकसित मधेश प्रदेशको विकृत राजनीतिले संघियता काम लाग्दैन भन्ने सन्देश दिएको छ । मुठभेट मूल्यहिन राजनीतितको पराकाष्ठा हो सभामुखको कदम सभामुख रामचन्द्र मण्डलले आफूविरुद्ध पदअनुकूल आचरण नगरेको प्रस्ताव दर्ता भएपछि पाँच जना प्रदेशसभा सदस्यलाई पदमुक्त गरेका छन् । सभामुख मण्डलले प्रदेशसभा बैठकमा लगातार १० पटक अनुपस्थित भएको आधारमा उनीहरूलाई सदस्य पदबाट हटाएको बताएका छन् । यहि पृष्ठभूमिमा सिके राउतले मधेशलाई छूटटै राज्य बनाउनूपर्ने माग गरेपछि राजनीति तंरगित भएको छ । मधेशको राजनीतिमा देखिएको विकृति र फोहर खेलले बिखण्डनवादीलाई बल पुऱ्याएको छ ।

अब एमालेका नेतृत्वले अघिल्ला गल्तीको आत्मसमीक्षा गर्दै मधेस प्रदेशमा फेरि स्थिरता, मर्यादा, र संवैधानिक अभ्यासको सम्मान गर्ने वातावरण निर्माणमा सहयोग गर्नु आवश्यक छ । लोकतन्त्रमा चुनाव जित्नु मात्रै सफलता होइन, संवैधानिक निकायको गरिमा जोगाउनु पनि उस्तै जिम्मेवारी हो । मधेस प्रदेशको आजको परिस्थिति यही शिक्षा दिने एउटा महत्वपूर्ण क्षण बनेको छ ।

# "हाइब्रिड"ले निम्तिदै छ सङ्कट



जनार्दन घिमिरे

इस्मा गाउँपालिका-६ स्थित घिमिरे कृषि तथा पशुपक्षी फर्मले गतवर्ष पाँच टन अरूण-२ जातको मकैको बीउ उत्पादन गऱ्यो । किसानले भारतीय उन्नत जातको (हाइब्रिड) बीउ रोप्न थालेपछि २५ क्वीन्टल बीउ बिकेन । बीउ बिक्री गरी मनग्गे कमाउने सोचेका फर्म सञ्चालक कृष्ण घिमिरे अब बीउ उत्पादन गर्ने कि नगर्ने भन्ने दोधारमा हुनुहुन्छ ।

"किसानलाई स्थानीय माटोमा उत्पादन भएको मकैको बीउ उपलब्ध गराउने उद्देश्यले बीउ उत्पादनमा लागेको थिएँ, तर अहिले किसानले हाइब्रिड बीउमा पल्केर स्थानीय जातको मकैको बीउमा रूचि राख्दैनन्", घिमिरेले भन्नुभयो, "नबिकेको बीउ खाद्यान्नको लागि सस्तो मूल्यमा बेच्न बाध्य भएँ ।" उहाँले गाउँका रैथाने उन्नत बीउ मासिएपछि कुनै कारण आयातित बीउ रोकिए खेतबारी बाँझो रहने चिन्ता व्यक्त गर्नुभयो ।

मदाने गाउँपालिका-६ स्थित पुर्कोट उद्यम कृषि सहकारी संस्थाले मनकामना-३ र देउती मकैको बीउ उत्पादन गर्दै आएको छ । यो वर्ष सहकारीले मनकामना-३ र देउती जातको मकैको ४० क्विन्टल बीउ बिक्री गर्न सकेन । सहकारी संस्था अध्यक्ष लोकहरी कुवँर भन्नुहुन्छ, "भारतीय हाइब्रिड बीउले रैथाने जातको बीउ किसानले किन्न छाडेपछि बीउ बिक्न छाड्यो । बीउ बिक्री नहुँदा चार लाख घाटा लाग्यो ।"

विभिन्न सहकारी संस्थाको तथ्याङ्कअनुसार गुल्मीमा ६५ क्विन्टल बीउले बजार पाएन् । यहाँ अरुण-२, मनकामना-३ र देउती मकैको बीउ उत्पादन हुँदै आएको छ । धेरै उत्पादन हुने लोभमा किसानले हाइब्रिड बीउ रोप्न थालेपछि रैथाने बीउ सङ्कटमा परेको छ । केही वर्ष अघिसम्म स्थानीय जातको मकैको बीउ खोज्ने किसानको अहिले हाइब्रिड बीउमा रूचि छ । पछिल्लो समय स्थानीय तहहरुले किसानलाई रैथाने र उन्नत जातका असल बीउ खोजेर रोप्न प्रोत्साहन गरिरहेका छन् । पहिले पहिले गाउँघरमा घैटामा, धन्सारमा खरानीभित्र जोगाएर बीउ राख्ने चलन थियो । बीउ जोगाउने पहिलेको चलन अहिले हराएको छ । अहिले हाइब्रिड बीउबाट उत्पादन भएको खाद्यान्न बीउको रूपमा राख्न नसकिने किसानको भनाइ छ ।

सत्यवती गाउँपालिकाका कृषि अधिकृत उपकार भण्डारीका अनुसार गाउँपालिकाले धान, मकैको उन्नत बीउ र चार प्रकारका कोदो, फापर र जुनेलोलगायतका रैथाने बालीका बीउ निःशुल्क वितरण गरिरहेको छ । पहाडी बाली अनुसन्धान केन्द्रबाट मूल बीउ ल्याएर किसानलाई मौसमअनुसार वितरण गर्ने गरिएको छ । रैथाने बाली कम फल्ने र ढल्ने भएका कारण किसान हाइब्रिडतिर आकर्षित भएको कृषि शाखा प्रमुख भण्डारी बताउनुहुन्छ । बालीरोग विशेषज्ञ प्रकाश मरासिनीको भनाइमा हाइब्रिड बीउ धेरै फले पनि स्वादका हिसाबले खान मीठो हुँदैन । हाइब्रिडमा नयाँ रोग आउँछन् । धानमा पोके र मकैमा ओइलाउने, कुहिने र जलवायुको जोखिम रहेको छ । उहाँले सरकारी निकायले उन्नत बीउ पर्याप्त दिन नसकेका कारण हाइब्रिड धेरै मात्रामा भित्रिएको बताउनुभयो । उहाँ सरकारी निकायबाट हाइब्रिड बीउलाई प्रोत्साहन गर्न नहुने बताउनुहुन्छ ।

व्यापारीले हाइब्रिड बीउलाई प्रोत्साहन गरिरहेका छन् तर सरकारी निकायले नियन्त्रण गर्न ध्यान दिइरहेका छैनन् । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपानेले रैथाने बाली प्रवर्द्धनअन्तर्गत धुर्कोट र इस्मामा काम गरेको र यान्त्रीकरणमा सहयोग गरेको बताउनुभयो । चैतमा रोपेको मकै साउन महिनाको अन्तिममा पाक्ने गर्छ । गुल्मीमा २२ हजार ४१८ हेक्टर क्षेत्रफलमा मकैखेती हुने गरेको छ । वर्षे मकै २० हजार ५१३ र बसन्ते एक हजार ९०५ हेक्टर क्षेत्रफलमा लगाउने गरिएको छ । जिल्लामा वर्षे मकै ७१ हजार २०५ मेट्रिकटन र बसन्ते मकै पाँच हजार ९६७ मेट्रिकटन उत्पादन हुने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ । पछिल्लो समय किसानले उन्नत जातको मकैलाई प्राथमिकता दिन थालेका छन् । गुल्मीमा सबैभन्दा बढी क्षेत्रफलमा मकै लगाउने वर्षाको समयमा हो । उन्नततर्फ अरुण-२, मनकामना-३ र देउती जातको मकै धेरै लगाइन्छ । यो जिल्लामै उत्पादन हुने मकै हो । कृषि ज्ञान केन्द्रका अधिकारीका अनुसार करिब ७० प्रतिशत किसानले हाइब्रिड जात अर्थात सिपी र जेके मकै धेरै लगाउने गरेका छन् । किसानले धेरै उत्पादन गर्ने उद्देश्यले हाइब्रिड मकै लगाउने गरेका छन् ।

### खाद्य सङ्कटको जोखिम

उच्च पहाडी क्षेत्रमा कृषि उत्पादन कम हुने र मौसम परिवर्तनको असर बढी पर्ने भएकाले खाद्य सुरक्षा समस्या हुने गरेको छ । मौसमको उतारचढाव, बाढी र सुख्खाजस्ता प्राकृतिक प्रकोपले खेतीको उत्पादनलाई प्रभावित पार्ने भएकाले खाद्य सङ्कट निम्त्याउने जोखिम छ । अहिलैकै अवस्थामा कृषि ज्ञान केन्द्र गुल्मीको तथ्याङ्क हेर्दा मध्य साउनसम्म कतिपय फाँटहमा रोपाइँ हुन सकेन । यसले गर्दा किसानको बीउ बुढो भएकाले स्वभाविक रुपमा कम धान फल्ने आँकलन कृषि ज्ञान केन्द्र गुल्मीले गरेको छ । गुल्मीका धेरै गाउँमा उच्च गरिबी र सीमित स्रोतका कारण पोषणयुक्त खानेकुराको अभाव छ । बिहान बेलुकाको छाक टार्न समस्या नभए पनि सन्तुलित रुपमा खाना खाने परिवारको सङ्ख्या कम रहेको छ । पोषणयुक्त खाना नपाएमा बालबालिका र वृद्धहरुको स्वास्थ्यमा असर पुऱ्याउने गर्दछ । कृषि उत्पादनबाट प्राप्त हुने आहारले सामान्यतयाः प्रोटिन र अन्य पोषणका आवश्यक तत्व पुऱ्याउन नसक्ने भएकाले थप आहार व्यवस्थापन गर्न गरिब परिवारमा समस्या रहेको छ ।



गुल्मी जिल्लाका सबै गाउँमा बाह्रैमास सडक सञ्चालनको सम्भावना छैन । वर्षात्को बेला लामो समय सडक अवरुद्ध हुँदा बजारबाट गाउँसम्म खाद्य आपूर्ति ढिला पुग्ने वा महँगो हुने समस्याले खाद्य सुरक्षा सङ्कट देखिने गरेको छ । विसं २०७६ मा सत्यवती गाउँपालिका-२, ३ र ४ मा गएको भिषण पहिरोका कारण बन्द भएका सडकका कारण पहिरो प्रभावित क्षेत्रमा झण्डै खाद्य सङ्कट निम्तिएको थियो । विस्थापित ३०० परिवारलाई नेपाली सेनाको हेलिकप्टरमार्फत खाद्य व्यवस्थापनको काम गरिएको थियो ।

मालिका गाउँपालिका- १, २ र ३ जिल्लाका विकट गाउँ हुन् । वर्षात्मा गाडी नियमित सञ्चालन हुने सम्भावना छैन् । यसले गर्दा प्रत्येक सामग्रीमा पाँचदेखि १५ प्रतिशतसम्म मूल्य वृद्धि गरेर व्यवसायीले सामान बिक्री गर्ने गरेको स्थानीय अगुवा रवीन्द्र विश्वकर्माले बताउनुभयो । व्यक्तिका व्यावसायिक पसलबाट बिक्री वितरण हुने खाद्य सामग्रीलाई जिल्लामा केही सहकारीले सुपथ मूल्य पसल सञ्चालन गरेर सहजीकरण पनि गर्दै आएका छन् । जिल्लामा दुई वर्षदेखि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले खाद्यान्न बिक्री वितरणको काम गर्दै आएको छ । जिल्लामा सदरमुकाम तम्घास र बाहिर मालिका, रुरुक्षेत्र र मदानेमा कम्पनीले डिपो स्थापना गरेको छ । अहिलेसम्म रु दुई करोडभन्दा बढीको खाद्यान्न बिक्री गरेको शाखाले जनाएको छ । तम्घासमा २०८० पुस १ गते यस कम्पनीको शाखा स्थापनासँगै तीन स्थानमा खरिदबिक्री केन्द्रसमेत सञ्चालन गरिएको थियो ।

जनतालाई सहज र सुलभ तरिकाले खाद्य सामग्रीको आपूर्ति गर्ने उद्देश्यसहित शाखाको स्थापना भएको थियो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयका शाखा प्रमुख लक्ष्मी भण्डारीका अनुसार लुम्बिनी प्रादेशिक कार्यालय भैरहवाबाट एक हजार ९७६ क्विन्टल चामल ल्याइएको थियो । गुल्मीमा कृषि र पशुपालनबाट समृद्धिको आशा जाग्न थालेको छ । पहाडी जिल्लामा ठूला उद्योग कलकारखाना नभएका कारण कृषि र पर्यटन नै समृद्धिका मुख्य आधार हुन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्षमा रु साढे चार अर्बको पशु र सवा अर्ब बराबरको कृषिजन्य उत्पादन भएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको तथ्याङ्कअनुसार आव २०८१।८२ मा मासु, दूध र अण्डा गरेर रु चार अर्ब ५९ करोड २९ लाख चार हजारको पशुजन्य उत्पादन भएको छ । त्यसमध्ये रु एक अर्ब ८४ करोड ३८ लाख १५ हजारको दूध मात्रै उत्पादन भएको केन्द्रका प्रमुख हुमकान्त पाण्डेयले जानकारी दिनुभयो ।

### दूध र माछा मासुको उत्पादन अवस्था

गतवर्षको तुलनामा यो वर्ष जिल्लामा २.५१ प्रतिशत दूध उत्पादन वृद्धि भएको छ । अहिले जिल्ला बाहिर प्रत्येक दिन एक हजार ५०० लिटर दूध निर्यात हुने गरेको छ । सत्यवती, रुरु क्षेत्रका फर्महरुबाट बढी दूध बिक्री हुने गर्दछ । गुल्मीमा राँगो, खसी बोका, कुखुरा, सुङ्गुर र बुङ्गुर तथा भैँडाको रु दुई अर्ब ५८ लाख २३ लाख चार हजार बराबरको मासु उत्पादन हुने गरेको पाण्डेयले बताउनुभयो । त्यस्तै जिल्लामा रु १९ करोड ४१ लाख ७५ हजारबराबरको अण्डा उत्पादन हुने गरेको उहाँले बताउनुभयो ।

त्यस्तै जिल्लामा रु एक अर्ब १५ करोड ७२ लाख ६० बराबरको कृषि उपज उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिनुभयो । तरकारीको लागि छत्रकोट, सत्यवती र रुरु क्षेत्र गाउँपालिका अब्बल छन् । त्यस्तै सुन्तला पनि जिल्लामा राम्रो उत्पादन देखिएको छ । जिल्लामा उत्पादन हुने रु २७ करोड २३ लाख ४६ हजारको सुन्तलामध्ये रु १५ करोड ९२ लाखको सुन्तला जिल्ला बाहिर निर्यात हुने गरेको छ । सुन्तलाको लागि रेसुङ्गा, धुर्कोट र छत्रकोट अब्बल छन् । कफीको जननी गुल्मीबाट अहिले दुई सय १२ मेट्रिकटन अर्थात रु दुई करोड एक लाख ४० हजार मूल्य बराबरको कफी उत्पादनमध्ये एक करोड ६५ लाखको जिल्ला बाहिर निर्यात भएको छ ।

सङ्घ र प्रदेश तहका नीतिसँग अनुकूल हुने गरेर स्थानीय पोषण नीति तर्जुमा गर्ने, आवश्यक स्रोतको व्यवस्थापन गर्ने, दीर्घकालीन आवधिक तथा वार्षिक कार्यक्रममा पोषणमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम समावेश गर्ने, वडा तथा गाउँबस्ती पहिचान गर्ने र सोही अनुसारका क्रियाकलाप सञ्चालन गर्ने समितिको काम रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक ताराबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार वडास्तरीय समिति पनि हुने र त्यसले पनि वडा तहबाट कार्यपालिकामा सिफारिस गर्ने काम गर्दछ । यो अभियानअन्तर्गत जिल्लाका स्थानीय तहले पूर्ण पोषणमैत्री पालिका घोषणा गर्ने योजना अघि बढाएका छन् ।

# तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभारः गृहमन्त्री




काठमाण्डु।गृहमन्त्रीओमप्रकाश अर्यालले प्रतिनिधिसभाको निर्वाचन तोकिएकै मितिमा शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार भएको बताउनुभएको छ । विहीबार गृह मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले निर्वाचनका लागि आवश्यक तयारीका लागि सबै निकायलाई उच्च प्रतिबद्धताका साथ जुट्न निर्देशन दिनुभयो ।

जेनजी आन्दोलनपछि उत्पन्न अवस्था र जनभावनालाई दृष्टिगत गर्दै सेवा प्रदायक निकायले आफ्नो काम कारबाही छिटोछरितो बनाउने, प्रक्रियालाई सरलीकृत गर्ने तथा सेवालाई सकेसम्म विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्था मिलाउन उहाँले निर्देशन दिनुभयो । "सेवाग्राहीले अनावश्यक झन्झट व्यहोर्नु नपर्ने गरी काम गर्न सबै निकायलाई निर्देशन गर्दछु", मन्त्री अर्यालले भन्नुभयो ।

आगामी निर्वाचनका लागि आवश्यक बजेट तथा कार्यक्रम सहज रूपमा उपलब्ध गराएकोमा मन्त्री अर्यालले अर्थ मन्त्रालयलाई धन्यवाद दिनुभयो । समीक्षा क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सङ्घीय मामिला मन्त्रालयले दिएको सुझावलाई मनन गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

मन्त्री अर्यालले मन्त्रालय मातहतका निकायले वार्षिक कार्ययोजना, 'माइलस्टोन' तथा आन्तरिक प्रगतिलाई नियमित समीक्षा गर्दै लक्ष्यअनुरूप परिणाम हासिल गर्नेगरी काम गर्न मन्त्री अर्यालले निर्देशन गर्नुभयो ।

सेवा प्रदायक निकायले एउटै विवरण बारम्बार माग्ने प्रथाको अन्त्य गर्न, राष्ट्रिय परिचयपत्र प्रणालीलाई अन्य निकायसँग क्रमशः आबद्ध गर्नुपर्नेमा उहाले जोड दिनुभयो । त्यस अवसरमा गृह सचिव रामेश्वर दङ्गालले सुशासन र पारदर्शितालाई कार्यसम्पादनको मूल आधार बनाई काम गर्न मातहतका सबै निकायलाई निर्देशन दिनुभयो । विशेषगरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सेवाबाट गृह मन्त्रालयको कार्यसम्पादन झल्किने भएकाले त्यसलाई अझ प्रभावकारी बनाउन सचिव दङ्गालले जोड दिनुभयो ।

सहसचिव तथा मूल्याङ्कन महाशाखा प्रमुख सुरेश पन्थीले चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्म गृह मन्त्रालयको वित्तीय प्रगतिबारे जानकारी दिनुहुँदै चालु खर्चतर्फ २० दशमलव ९२ प्रतिशत र पुँजीगत खर्चतर्फ १० दशमलव ६५ प्रतिशत प्रगति हासिल भएको प्रस्तुत गर्नुभयो ।रासस

## जेनजी आन्दोलनका सहिद :

# सुशासन कायम गराउने आन्दोलनमा श्रीयमको बलिदानी

**मृतकको परिवारलाई न्याय महसुस गराउन राज्यसँग १४ बुँदे मागसहित समिति बनाएर लागिपरेको गणेश बताउनुहुन्छ । यसमा भदौ २३ गतेको घटनाका दोषीलाई कारबाही, मृतक परिवारलाई निःशुल्क शिक्षा, स्वास्थ्य र पेन्सनलगायत माग गरिएको छ । तीमध्ये कतिपय माग पूरा हुँदै गरेको उहाँले बताउनुभयो ।**

बेलबारी । मोरङको बेलबारी नगरपालिका-११ लक्ष्मीमार्ग घर भई पढाइको सिलसिलामा काठमाडौँ रहनुभएका श्रीयम चौलागाईंको उच्च शिक्षा आर्जन गरी देशभित्रै बसेर समुन्नत जीवन जिउने उत्कट चाहनाबीचमै तुहिन पुग्यो ।

गत भदौ २३ र २४ गते जेनजीद्वारा गरिएको आन्दोलनमा प्रहरीको गोली लागेर कलिलो उमेरमै यस संसारबाट बिदा हुनुभएको छ। मोरङको लक्ष्मीमार्ग घर भएका श्रीयम केही वर्षअघि इटहरीबाट प्रवेशिका परीक्षा सकेर उच्च शिक्षा अध्ययनका लागि काठमाडौँ जानुभएको थियो । काठमाडौँको ग्लोबल कलेजमा कक्षा १२ मा अध्ययनरत उहाँ राजनीतिमा सक्रिय नभए पनि जेनजीको आन्दोलनले उनलाई आकर्षित गरेको थियो । १८ वर्षीय श्रीयम स्कुल पोसाकमै प्रहरीको गोली लागेर नयाँबानेश्वर सडकमा ढल्नुभएको थियो । श्रीयम परिवारका दोस्रो सन्तान हुनुहुन्यो, उहाँकी दिदीको विवाह भइसकेको छ ।



श्रीयम आमाबुबासँग काठमाडौँ महानगरपालिका-३२ पेप्सीकोलामा भाडाको कोठामा बस्दै आउनु भएको थियो । उहाँको निधनसँगै ५२ वर्षीय बुबा गणेशप्रसाद र ४४ वर्षीय आमा गङ्गाको आशा, भरोसा अनि सपना सबै सेलाएको छ । गणेश पेसाले यातायात व्यवसायी हुनुहुन्छ । छोराको पढाइकै लागि परिवारै काठमाडौँ आएको बताउँदै बुबा गणेश भन्नुहुन्छ, "पढाइमा राम्रो भएकाले मोरङबाट काठमाडौँ ल्याएर राम्रो कलेजमा भर्ना गराएका थियौँ ।"

आफ्नो छोराको मृत्युलाई सार्थक बनाउन जेनजी सहिद परिवार सङ्घर्ष समितिमा पनि उहाँ आबद्ध हुनुहुन्छ । मृतकको परिवारलाई न्याय महसुस गराउन राज्यसँग १४ बुँदे मागसहित समिति बनाएर लागिपरेको गणेश बताउनुहुन्छ। यसमा भदौ २३ गतेको घटनाका दोषीलाई कारबाही, मृतक परिवारलाई निःशुल्क शिक्षा, स्वास्थ्य र पेन्सनलगायत माग गरिएको छ । तीमध्ये कतिपय माग पूरा हुँदै गरेको उहाँले बताउनुभयो । यति ठूलो राजनीतिक घटनाक्रममा भएका सहिदप्रति कोशी प्रदेश सरकार र बेलबारी नगरपालिकाले कुनै चासो नदेखाएकोप्रति दुःख लागेको गणेशले बताउनुभयो ।

सबैभन्दा ठूलो कुरा त, जुन उद्देश्यका लागि श्रीयम र अरू थुप्रै नवजवानले ज्यान दिए, त्यो उद्देश्यअनुरूप देश बनाउन सरकार र राजनीतिक दल एकजुट भएहुन्थ्यो भन्ने उहाँको भनाइ छ । भदौ २३ गते श्रीयम देशलाई सुशासन साथै दिगो निकास दिनुपर्छ भन्ने उत्साहका साथ आन्दोलनमा सहभागी बने तर विडम्बना अब उनी सकुशल घर फर्कन सकेनन् । श्रीयमका लक्ष्मी मार्ग रहनुभएका काका राजन चौलागाई भन्नुहुन्छ, "हामीले हाम्रो सन्तान गुमायौँ, देशले एक असल युवा गुमायो । सहिदको सपना हामी सबै मिलेर पूरा गर्नुपर्छ ।"

श्रीयमका मामा केशव कार्कीले भन्नुहुन्छ, ''भाञ्जा पढाइमा तेज थिए । राजनीतिमा खासै चासो थिएन जस्तो लाग्छ तर त्यो आन्दोलनमा जान्छु होला भनेर दुई दिनअघि मात्र विदेशमा रहेकी दिदीसँग कुरा भएको रहेछ ।'' श्रीयमले इटहरीस्थित मामासँगै बसेर कक्षा ९ र १० पढेका थिए । केशव भन्नुहुन्छ, ''उनी देशलाई निकास दिनुपर्छ भन्ने उत्साहका साथ भदौ २३ को आन्दोलनतिर हिँडे तर अब उनी सहिद भए ।'' भदौ २३ गते म रङ्गशालामा खेलाडी छनोट प्रक्रियामा थिए, एक्कासि भाञ्जालाई गोली लागेको खबर आयो कार्की बताउनुहुन्छ ।

''म आफैँ ट्रमा सेन्टर पुगेको थिएँ, जहाँ मृतकको सूचीमा श्रीयमको नाम सातौँ नम्बरमा देखेँ, एक्कासि टाउको फुट्ला जस्तो भयो । सम्हालिन धेरै बेर लाग्यो । सँगैहुर्काएको र पढाएको अनिसँगै हिँडेको सम्झनाले भतभती पोलिरह्यो । घरमा खबर गर्ने हिम्मत पनि तुरुन्त जुटेको थिएन'' उहाँले भन्नुभयो ।

सहिद श्रीयमले कक्षा ९ र १० सुनसरीको इटहरी ५ स्थित रहेको मकालु बोर्डिङ स्कुलमा अध्ययन गर्नुभएको हो । स्कुलका पिन्सिपल थानेश्वर ढकाल भन्नुहुन्छ 'श्रीयम पढाइमा अत्यन्तै लगनशील, मेहनती र इमान्दार विद्यार्थी थिए, उसका साथीहरु र शिक्षक शिक्षिकाका प्रिय थिए श्रीयम ।' श्रीयमले त्यस विद्यालयमा दुई वर्ष मात्र अध्ययन गर्नुभएको थियो । जेनजी आन्दोलनमा उहाँ सहिद भएपछि उहाँको सम्झनामा विद्यालयले केही स्मरणीय कार्य गर्ने योजना बनाएको प्रिन्सिपल ढकालले बताउनुहभयो ।

सरकारले जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका ४५ जनालाई सहिद घोषणा गरेको गरिसकेको छ । गत भदौ २३ र २४ गते जेनजीद्वारा गरिएको आन्दोलनमा मृत्युवरण गरेकामध्ये ४५ जनालाई गृह मन्त्रालयको प्रस्तावमा सहिद घोषणा गरिएको हो ।रासस

# संयमता अपनाउन संयोजक दाहालको आग्रह



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको सिमरामा भएको विरोध प्रदर्शनलाई थप हिंसात्मक तथा नियन्त्रणबाहिर जान दिन सबै पक्षलाई संयमता अपनाउन अनुरोध गर्नुभएको छ ।

लोकतन्त्रमा राजनीतिक तथा वैचारिक मतभिन्नता हुनु स्वाभाविक हो भन्नुहुँदै उहाँले सिमाराको घटनालाई हिंसा वा उत्तेजनामा रुपान्तरण गर्नु लोकतान्त्रिक संस्कृति नभएको बताउनुभएको छ । "राजनीतिक तथा वाक-स्वतन्त्रताको सम्मान गर्दै राजनीतिक दल र दलका नेतालाई निर्वाधरूपमा हिड्डुल गर्ने, सभा-सम्मेलन गर्ने वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउँदछु", संयोजक दाहालद्वारा जारी वक्तव्यमा उल्लेख छ ।

यसैगरी घोषित निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन कुनै पनि घटनाले नकारात्मक प्रभाव नपारोस् भन्ने विषयमा सचेत र जिम्मेवार बन्न सम्बद्ध सबै पक्षसँग उहाँले आग्रह गर्नुभएको छ । मुलुकमा विकसित घटनाक्रम र परिस्थितिलाई सामान्य बनाउने सन्दर्भमा आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्न स्थानीय पार्टी समितिलाई संयोजक दाहालले निर्देशन दिनुभएको छ ।रासस

# सशस्त्र प्रहरी बलको 'ओएण्डएम' स्वीकृत : अब सबै शिक्षालयमा दरबन्दी संख्या समान



काठमाण्डु । सशस्त्र प्रहरी बल नेपालका १७ जिल्लामा रहेका अस्थायी गुल्म, ४५ वटा प्रस्तावित सीमा सुरक्षा गुल्म र २१५ वटा बिओपी स्थायी हुने भएका छन् । सङ्गठनले हालै गरेको सङ्गठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षण मन्त्रिपरिषद् बाट स्वीकृत भएसँगै यी कार्यालय स्थायी हुने भएका हुन् ।

पहाडी जिल्लामा रहेका आश्रित गुल्म स्थायी भएसँगै कानुनी र प्रशासनिक रूपमा थप जिम्मेवार हुँदै जिल्लाको शान्ति सुरक्षा कायम गर्ने कार्य प्रभावकारी हुने सशस्त्र प्रहरी बलका सह-प्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताउनुभयो । यसैगरी कुरिनटारमा रहेको ट्रमा सेन्टर, सातै वटा प्रदेशमा रहेका फिल्ड अस्पतालसमेत स्थायी संरचनामा सञ्चालन हुने भएका छन् ।

यसअघि सशस्त्र प्रहरी बल नेपालका १११ कार्यालय मात्र स्थायी रहेकोमा यो निर्णयसँगै स्थायी कार्यालयको सङ्ख्या ३९६ वटा पुगेको डिएसपी थापाले जानकारी दिनुभयो । साङ्गठानिक सुधार तथा केही पदको समायोजन र विभिन्न कार्यालयको स्तरबृद्धि गरी नयाँ संरचना तयार गरिएको सशस्त्रले जनाएको छ। संरचनामा कीर्तिपुरस्थित सशस्त्र प्रहरी बल नेपाल नं १८ निलबाराही गणको स्तरबृद्धि गरी सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकको कमाण्डमा रहने गरी सशस्त्र प्रहरी बल नेपाल हुल तथा दङ्गा व्यवस्थापन विशेष गण बनाइएको छ ।

यसबाट काठमाडौँ उपत्यकामा शान्ति सुरक्षा कायम गर्न थप सहजता हुनेछ । आठ सय जनाभन्दा बढी जनशक्ति रहने उक्त गणबाट हुल तथा दङ्गा व्यवस्थापनका लागि विशेष तालिम प्राप्त सुरक्षा फौज ठुलो सङ्ख्यामा एकै पटक परिचालन गर्न सहजता हुनेछ ।

त्यसैगरी विशिष्ठ व्यक्ति, महत्वपूर्ण प्रतिष्ठान तथा कुटनीतिक नियोगसमेतको सुरक्षा हेर्ने गरी काठमाडौँ कान्तिपथस्थित सशस्त्र प्रहरी बल नेपाल नं २४ बाघभैरव गुल्मलाई गणमा स्तरोन्नती गरिएको छ । यसबाट ती निकायमा सुरक्षार्थ सोही प्रकृतिका तालिम प्राप्त सुरक्षा फौज परिचालन हुनेछन् । यसअघि फिल्ड अस्पताल र कुरिनटारको ट्रमा सेन्टरमा प्राविधिक सशस्त्र प्रहरी निरीक्षक चिकित्सकको कमाण्ड रहेकोमा अब प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षक चिकित्सकले कमाण्ड गर्नेछन् । स्थायी भएसँगै ती अस्पतालबाट आम सर्वसाधरणले समेत स्वास्थ्य सेवा पाउने छन् ।

यसैगरी सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा रहेको कानुन महाशाखालाई निर्देशनालयमा स्तरोन्नती गरी सशस्त्र प्रहरी नायव महानिरीक्षकको दरबन्दी थप गरिएको छ । विपद् व्यवस्थापनको म्याण्डेटलाई थप प्रभावकारी बनाउनको लागि विपद् व्यवस्थापन महाशाखालाई निर्देशनालयमा स्तरबृद्धि गरी सशस्त्र प्रहरी नायव महानिरीक्षकको दरबन्दी थपिएको छ ।

यसैगरी इन्टेलिजेन्स व्यूरोको कामकारवाहीलाई थप प्रभावकारी बनाउको लागि अधिकृतस्तरका ३८ जनासहित सशस्त्र प्रहरी नायव महानिरीक्षकको कमाण्डमा रहने गरी दरबन्दी थप गरिएको छ। व्यूरोमा अब जुनियर अधिकृत तथा सोभन्दा माथिका जनशक्ति मात्र रहने छन् ।

यससँगै सशस्त्र प्रहरी बल नेपालमा तीन जना सशस्त्र प्रहरी नायव महानिरीक्षकको दरबन्दी थप भएको छ भने नं १८ निलबाराही गण कीर्तिपुर रेजिमेन्टको स्तरोन्नतीसँगै सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकसमेतको दरबन्दी थप भएको छ । यसैगरी सशस्त्र प्रहरी बलका १० तालिम शिक्षालयको दरबन्दी संरचनालाई समेत समान संरचना बनाइने भएको छ। अब सबै शिक्षालयमा दरबन्दी सङ्ख्या एउटै हुनेछ । विपद्मा खटिदा मृत्यु भएमा एक तह बढुवासहित पारिवारीक निवृत्तीभरण उपलब्ध गराइने ।


सशस्त्र प्रहरी बल नेपालको चौँथो संशोधन नियमावली, २०८२ मा विपद्मा खटिदा मृत्यु भएका कर्मचारीलाई एक तह बढुवासहित पारिवारीक निवृत्तीभरण उपलब्ध गराइने व्यवस्था भएको छ । यसबाट बिपद्मा खटिने सुरक्षाफौजको मनोवल उच्च हुने समेत विश्वास गरिएको थापाले बताउनुभयो ।रासस

# पाटन दरबारमा १६ विद्यार्थीद्वारा कलाका पुराना अभ्यास प्रस्तुत

काठमाण्डु । प्रविधिको विकाससँगै विश्वमा धेरै परिवर्तन भएका छन् । परम्परागत रूपमा मानिसले बनाउने सामान प्रविधिको सहयोगमा एकैछिनमा तयार हुन्छन् । कलामा पनि प्रविधिले आमूल परिवर्तन ल्याइदिएको छ ।

काठमाडौँ विश्वविद्यालयका १६ जना विद्यार्थीले भने प्रविधिको विकासले फड्को मार्नुअघि कलाकारले कला सिर्जनामा के कस्ता सामग्री प्रयोग गर्थे, चित्र र मूर्ति कसरी सिर्जना हुन्थ्ये भन्ने कुरालाई देखाउने प्रयास गरेका छन् ।

'द म्याटरियालिटी अफ आर्ट, इफर्मल प्राक्टिसेज इन द नेपाली आर्ट वर्ल्ड' शीर्षकमा उनीहरूले बनाएका कला अहिले पाटन दरबार सङ्ग्रहालयमा प्रदर्शनमा राखिएका छन् । उनीहरूले परम्परागत रूपमा रङहरू कसरी बनाइन्थे र प्रयोग हुन्थ्यो भनेर पनि देखाउने प्रयास गरेका छन् । विद्यार्थीले दैनिक जीवनमा प्रयोग हुने सामग्रीलाई कलामार्फत उजागर गरिदिएका हुन् ।



चित्रकारले परम्परागत रूपमा कसरी कला सिर्जना गर्दथे भन्ने कुरालाई अध्ययन गरेर उनीहरूले चित्र तयार पारी प्रदर्शन गरेका काठमाडौँ विश्वविद्यालयका अध्यापक अनिल शाहीले बताउनुभयो । उहाँका अनुसार प्रायः काठमाडौँ उपत्यकाको नेवारी संस्कृतिलाई बढी जोड दिइएको उक्त कला प्रदर्शनीमा घण्टाघरदेखि, गाईजात्रा, लल्मी पूजा, भाइपुजा, नेवारको जङ्कुमा प्रयोग गरिने कलाकृति निर्माण गरेर प्रदर्शन गरिएका छन् ।

पूर्वजले प्रयोग गर्ने 'ब्लकप्रिन्ट', लक्ष्मी पूजामा लक्ष्मीको पोष्टर बनाएर पुरानो परम्परामा गरिने कामलाई यहाँ विद्यार्थीले प्रस्तुत गरेका अध्यापक शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, "जस्तै जङ्कुमा विभिन्न देवीदेवतालाई साक्षीका लागि आह्वान गर्नुपर्ने रहेछ । त्यो साक्षीका रूपमा माटाका भाँडा बनाएर यहाँ राखिएको हो ।"

काठमा कुँदेर मसी छाप्ने र कागजमा चित्र बनाउने चलन पुरानो जमानामा थियो । अहिले उक्त शैली प्रयोग नभएकाले पुरानो समयमा कसरी काम गरिन्छ भनेर अग्रजलाई भेटेर अध्ययन गरी विद्यार्थीले कला सिर्जना गरेका शाहीले जानकारी दिनुभयो ।

अग्रजहरूले प्रयोग गरेका प्रविधिलाई यहाँ विद्यार्थीले उठान गरेर कला प्रदर्शनी गर्नु महत्त्वपूर्ण रहेको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र थुम्केलीले बताउनुभयो । उहाँले भन्नुभयो, "यो विद्यार्थीका लागि अध्ययनको चरण पनि भयो भने पुराना कुराहरू सिक्न पाउँदा पुस्तान्तरणसमेतमा योगदान हुन्छ, अझै अग्रजसँग भेटेर अध्ययन गरेर युवा पुस्ताले सिक्नु भनेको आफैँमा नयाँ सन्देश हो ।"

विद्यार्थीले अग्रज कलाकार मदन चित्रकार, सूर्यबहादुर चित्रकार, लोक चित्रकारसँग सोधेर सामाग्रीहरू सङ्कलन गर्नुका साथै चित्र सिर्जना गरेका छन् । ती सबै सिर्जनाहरू यहाँ प्रदर्शनमा छन् । काठमाडौँ वश्वविद्यालयको चौथो सेमेस्टरमा पढ्ने विद्यार्थीले सामूहिक रूपमा यसरी कला सिर्जना गरेका हुन् ।

एउटै कपडामा समूहसमूहमा चित्र सिर्जना गरिएको छ । पहिले पनि समूहमा चित्र बनाउने चलन थियो, त्यसैले अहिले पनि त्यहीअनुसार प्रयोग गरिएको छ । नेवारी संस्कृति गाइजात्रामा प्रयोग हुने 'सपारु'लाई यहाँ सुन्दररूपमा प्रदर्शन गरिएको छ । गाईजात्रा निकाल्दा गाईको साङ्केतिक रूपमा मुकुण्डो प्रयोग गरिन्छ, सोही देखाइएको अध्यापक शाहीले बताउनुभयो ।

अध्यापक शाहीले यो मुख्य गरी सिकाइका माध्यामबाट समाज कसरी चलिरहेको छ भनेर दखाउन खोजिएको बताउनुभयो । "समाज कसरी परिवर्तन भएको छ । नेवार समुदायको प्रचलन के रहेछ भनेर सिकाइ विद्यार्थीहरुका लागि पनि नयाँ अभ्यास भएको छ", उहाँले भन्नुभयो ।रासस

# पशुपतिमा सर्वसाधारणलाई प्राचीन सामग्रीको दर्शन गराइयो

काठमाण्डु। पशुपति क्षेत्र विकास कोषले आज सर्वसाधारणलाई भगवान् पशुपतिनाथको नागमणि, मुकुट, कवज, एकमुखे रुद्राक्षलगायत प्राचीन सामग्रीको दर्शन गराएको छ ।

कोषले प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण त्रयोदशी र मार्गशीर्ष कृष्ण आमावास्यका दिन नागमणि, मुकुट, कवज, एकमुखे रुद्राक्षसहित प्राचीन महत्त्वका गरगहनालगायत सामग्री सर्वसाधारणलाई देखाउने परम्परा छ । सोही परम्परा अनुसार विहीबार बिहान ९:०० बजेदेखि ११:१५ बजेसम्म सुरक्षा निकायको सहयोगमा ती सामाग्री प्रदर्शन गरिएको कोषका निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले राससलाई जानकारी दिनुभयो ।

यसअघि मार्गशीर्ष कृष्ण आमावास्याका दिन (मङ्सिर २ गते) मङ्गलबार बिहान १०:०० बजेदेखि ११:३० बजेसम्म पनि सुरक्षा निकायको सहयोगमा नागमणि, मुकुट, कवज, एकमुखे रुद्राक्षलगायत प्राचीन महत्त्वका गरगहना सर्वसाधारणलाई देखाइएको थियो ।

मार्गशीर्ष कृष्ण त्रयोदशीका दिनदेखि एक वर्ष सुरक्षित रूपमा ती सामग्री राखिएको छ । मार्गशीर्ष कृष्ण आमावास्यका दिनदेखि आगामी एक वर्षसम्म सुरक्षित रूपमा राखिन्छ भनी यी सामग्री देखाउने परम्परा रहिआएको कोषले जनाएको छ ।रासस

# विश्व बाल दिवसः खेलकुदमार्फत बालअधिकार र लैङ्गिक समानताको सन्देश

काठमाण्डु । विहीबार २० नोभेम्बर अर्थात् विश्व बाल दिवस । युनिसेफले नेपाल क्रिकेट सङ्घ (क्यान) र अष्ट्रेलियाली दूतावाससँगको साझेदारीमा विहीबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा विशेष कार्यक्रममार्फत विश्व बाल दिवस मनाएको छ । बालअधिकार, लैङ्गिक समानता र खेलकुदले समाजमा सकारात्मक परिवर्तन ल्याउनसक्ने सन्देश प्रवाह गर्ने उद्देश्यले यो दिवस मनाइएको हो ।

यस वर्ष, युनिसेफ नेपालले क्यान र अष्ट्रेलियाली दूतावाससँगको साझेदारीमा 'लेभलिङ द प्लेइङ फिल्ड' नामक संयुक्त पहलमार्फत दिवस मनाएको हो । कार्यक्रमले क्रिकेटको लोकप्रियतासहित मुलुकभरका बालबालिकाका लागि समान अवसर प्रवर्द्धन गर्ने, किशोरी विद्यालयमा टिकाइ राख्ने, किशोरीलाई आवश्यक सेवासुविधामा पहुँच पुर्‍याउने, आफ्नो समुदायमा पूर्ण रूपमा सहभागिता जनाउन सक्ने बनाउनेलगायत उद्देश्य लिएको छ ।

कार्यक्रममा ३०० भन्दा बढी बालबालिकाको सहभागिता रहेको छ । जहाँ बालबालिकाले नेपालको राष्ट्रिय महिला क्रिकेट टोलीसँत मैत्रीपूर्ण क्रिकेट खेल पनि खेलेका छन् ।युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले सो अवसरमा उपस्थित भएका सम्पूर्णलाई धन्यवाद दिँदै भन्नुभयो, "तपाईंहरूले हाम्रो देशप्रति देखाउनुभएको प्रेम र युवालाई संलग्न गराउने, सशक्त बनाउने उद्देश्यले कार्यक्रम आयोजना गर्नुभएकामा हामी आभारी छौँ ।"

अष्ट्रेलियाली राजदूत लियान जोन्स्टनले किशोरीको शिक्षा, सीप र आत्मविश्वासमा केन्द्रित हुनु भनेको नेपालको भविष्यमा लगानी गर्नु भएको बताउँदै सशक्त बालिकाले सबल समुदाय तथा समृद्ध परिवार र समाज निर्माण गर्नसक्ने क्षमता राख्ने धारणा राख्नुभयो ।कार्यक्रममा क्यानका अध्यक्ष चतुरबहादुर चन्दले भन्नुभयो, "क्यानमा हामी सधैँ विश्वास गर्छौं कि क्रिकेट केवल खेल मात्र होइन । यो आत्मविश्वास, अनुशासन र नेतृत्वको गुण विकास गर्ने एउटा मञ्च हो, जसले सक्षम र जिम्मेवार युवा नागरिक तयार पार्छ ।"रासस

# चुनावअघि बङ्गलादेश प्रहरीद्वारा नयाँ वर्दी सार्वजनिक, जनविश्वास पुनर्निर्माणको प्रयास

**एएफपी**

ढाका ।सामूहिक विद्रोहपछिको पहिलो राष्ट्रिय चुनाव केही हप्तामै नजिकिँदै गर्दा बङ्गलादेश प्रहरीले गहिरो रूपमा क्षतिग्रस्त भइसकेको जनविश्वास पुनर्निर्माण गर्ने आशामा नयाँ वर्दी अनावरण गर्दै सुधारको सङ्केत दिएको छ । सन् २०२४ मा पूर्व प्रधानमन्त्री शेख हसिनाको निरङ्कुश सरकार पतन भएपछि उत्पन्न उथलपुथलमा कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको थियो भने हजारौँ घाइते भएका थिए । तीमध्ये धेरैजना पुलिसको गोलीले ज्यान गुमाएका थिए ।



"बङ्गलादेश प्रहरीले अभूतपूर्व सङ्कटको सामना गरिरहेको छ", प्रहरी प्रवक्ता सहादत हुसेनले भन्नुभयो, "नयाँ वर्दीले केही सकारात्मक परिवर्तन ल्याउन सक्छ भन्ने नीति निर्माताहरूले सुझाव दिनुभयो ।" लामो समयदेखि फिरोजा र निलो रङमा परिचित वर्दी अहिले फलाम-खैरो सर्ट र चकलेट-खैरो ट्राउजरमा रूपान्तरित गरिएको छ ।तर बिग्रिएको प्रतिष्ठालाई केवल वर्दीले सुधार्न सकिन्छ कि सकिँदैन भन्नेबारे धेरैमा गहिरो शङ्का रहिरहेकै छ । ४८ वर्षीया नजमा अख्तर भन्नुहुन्छ, "जब म कुनै प्रहरी देख्छु, मलाई उनको मासु काटिदिउँजस्तो लाग्छ । मलाई थाहा छैन, यो घृणाबाट म कहिले मुक्त हुन्छु ।"

उहाँको १७ वर्षीय छोरा गुलाम नाफिज विद्रोहको क्रममा ज्यान गुमाएका थिए । उहाँका छोरालाई गोली हानिएको थियो, अस्पताल प्रवेश रोकियो र अन्ततः सन् २०२४ अगस्ट ४ मा अत्यधिक रक्तस्रावका कारण उनको मृत्यु भयो । "नयाँ वर्दीले तिनीहरूको मनोवृत्ति कसरी परिवर्तन गर्छ ?" उहाँ भन्नुहुन्छ, "मैले प्रहरी अधिकारीहरूले तलब वृद्धिको माग गर्ने शिक्षकहरूलाई समेत कुटेको देखेँ ।"सत्र करोड जनसङ्ख्या भएको बङ्गलादेशमा सन् २०२६ फेब्रुअरीमा चुनाव हुने अपेक्षा गरिएको छ । यस्तो अवस्थामा सुरक्षा निकाय शान्तिपूर्ण चुनाव सुनिश्चित गर्न अत्यन्त महत्त्वपूर्ण साबित हुनेछन् । तर देशको सुरक्षा संयन्त्र अझै स्थिर हुन नसकेको देखिन्छ ।

यसैबीच पूर्वप्रधानमन्त्री शेख हसिनालाई प्रदर्शनकारीहरूमाथि घातक बल प्रयोग गर्न सुरक्षा निकायलाई निर्देशन दिएको आरोपमा सोमबार ढाकास्थित अदालतले मृत्युदण्डको सजाय सुनाएको छ । हसिनाले सेनालाई विरोध दबाउन आदेश दिएको भए पनि सेनाले अस्वीकार गरेपछि सत्तामा बसिरहने उहाँको प्रयास विफल भएको थियो । उहाँको सत्ता पतन भएपछि फैलिएको अराजकतामा तोडफोड र आगजनीका घटनाले करिब ६०० मध्ये ४५० प्रहरी चौकी लक्षित गरिएको सरकारी अधिकारीहरूले बताएका छन् ।

"अघिल्लो सरकारले सत्ता छोडेपछि प्रहरी चौकीहरू त्यागिए र अहिले प्रहरी बल फेरि उभिन सङ्घर्ष गरिरहेको छ", प्रवक्ता होसेनले भन्नुभयो । विभिन्न अनुसन्धानकर्ताहरूले विद्रोहका दिनमा प्रहरीद्वारा गरिएका व्यापक क्रूरताका प्रमाणहरू सङ्कलन गरेका छन् । यसै क्रममा निःशस्त्र किशोर विद्यार्थी आशिकुर रहमान हृदोयलाई 'प्रहरीका दुई समूहबीच स्यान्डविच बनाइँदै विन्दु-खाली दायराबाट गोली हानेको' घटना पनि उजागर भएको टेक ग्लोबल इन्स्टिच्युटकी नीति विश्लेषक फौजिया अफरोजले बताउनुभयो ।

करिब एक हजार ५०० प्रहरी अधिकारी अहिले आपराधिक अभियोगको सामना गरिरहेका छन् । तीमध्ये अत्यन्त धेरैमाथि हत्या अभियोग छ र दर्जनौँ अधिकारी हिरासतमा छन् । हसिनाकै मुद्दासँग मिल्दोजुल्दो आरोपमा दोषी ठहरिएका पूर्व प्रहरी प्रमुखलाई पाँच वर्षको कैद सजाय सुनाइएको छ । साथै हत्या अभियोगमा खोजी भइरहेका करिब ५५ वरिष्ठ अधिकारी भारत भागेको प्रहरी स्रोतले जानकारी दिएको छ ।

तर सेवारत अधिकारीहरूको पीडा पनि कम छैन । अशान्तिका क्रममा ४४ जना प्रहरी अधिकारी मारिएका छन्, तर अन्तरिम सरकारले प्रदर्शनकारीहरूलाई 'कानूनी उन्मुक्ति' दिन सहमति जनाएकोमा उनीहरू रोष प्रकट गर्छन् । हसिना भागेपछि उत्पन्न अराजकतामा आफ्ना पति प्रहरी निरीक्षकलाई भीडले पिटेर हत्या गरेको दृश्य अवलोकन गरेकी सुल्ताना रजियाले दुःख व्यक्त गर्दै भन्नुभयो, "उहाँको यस्तो अन्त्य हुनु हुँदैन थियो ।"

नाम नखुलाउने सर्तमा एक मध्यम-स्तरका अधिकारीले भने, "प्रहरी पनि मानिस नै हुन् ।"नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा बनेको अन्तरिम सरकारले प्रहरी सुधार आयोग गठन गरेको भए पनि प्रगति सुस्तै छ । अत्यधिक बल प्रयोगका आरोप जारी छन् र जनविश्वास यति कमजोर बनेको छ कि धेरै क्षेत्रमा भीडले आफ्नै हातले न्याय गरिरहेको पाइन्छ, जसमा अपहरणदेखि कुटपिट र हत्या सम्मका घटनाहरू बढेका छन् ।

मानव अधिकार संस्था 'ऐन ओ सालिस केन्द्र' का अबु अहमद फैजुल कबीर भन्नुहुन्छ, "म ठूलो परिवर्तन देख्दिनँ । पछिल्ला १० महिनामा हिरासतमा करिब २८ जनाको मृत्यु भइसकेको छ ।" मानव अधिकार समूह 'ओधीकर' ले प्रकाशित गरेको नोभेम्बरको तथ्याङ्कअनुसार विद्रोहपछिको एक वर्षमा मात्रै करिब ३०० जनाको मृत्यु राजनीतिक हिंसाका कारण भएको छ ।ठूला राजनीतिक दलका सरकारहरूले प्रहरीलाई 'राजनीतिक औजार' का रूपमा प्रयोग गर्दै आएको आरोप निकै पुरानो हो । मोटर रिक्सा चालक ६० वर्षीय आलमगीर हुसेन भन्नुहुन्छ, "उनीहरूले कहिल्यै देशको कानूनको चिन्ता गरेनन् ।"

**बङ्गलादेशमा कामचलाउ सरकार प्रणाली पुनःस्थापित**

बङ्गलादेशको सर्वोच्च अदालतले राष्ट्रिय निर्वाचनमा निष्पक्षता र पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यले कामचलाउ सरकार प्रणाली पुनःस्थापित गर्ने महत्त्वपूर्ण निर्णय सुनाएको छ । तथापि, अदालतले यो व्यवस्था आगामी वर्षको सुरुमा हुन लागेको निर्वाचनमा भने लागू नहुने स्पष्ट गरेको छ ।कामचलाउ प्रणाली सन् १९९६ मा प्रारम्भ भएको हो र बङ्गलादेशी नागरिक तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले १७ करोड जनसङ्ख्या भएको यस देशको संसदीय लोकतन्त्रमा निष्पक्ष निर्वाचनतर्फको सशक्त कदमका रूपमा यसलाई हृदयदेखि स्वीकार गरेका थिए ।

त्यसपछिका दुई निर्वाचनमा सेवानिवृत्त दुई मुख्य न्यायाधीशको नेतृत्वमा बनेका कामचलाउ सरकारले ९० दिनभित्र चुनाव सम्पन्न गराई विजयी दललाई सत्ता हस्तान्तरण गरेको थियो । सन् २००८ को निर्वाचन समेत केन्द्रीय बैंकका पूर्व गभर्नरको नेतृत्वमा निष्पक्ष रूपमा सम्पन्न भएको थियो ।तर राजनीतिक असहमतिका कारण सन् २०११ मा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको कार्यकालमा अदालतको सुझावमा यही प्रणाली खारेज गरियो । विपक्षीहरूले भने उहाँले भविष्यका चुनावमा प्रभाव पार्ने उद्देश्यले यस्तो कदम चाल्नुभएको आरोप लगाएका थिए ।

त्यसभन्दा पछिका सन् २०१४, सन् २०१८ र सन् २०२४ का चुनावहरू हसिनाको प्रशासनको निगरानीमा सम्पन्न भए, जसले उहाँलाई निरन्तर सत्तामा राख्यो तर ती चुनावहरूलाई विश्वसनीय मानिएन । मुख्य प्रतिद्वन्द्वी खालिदा जियाको नेतृत्वमा रहेको बङ्गलादेश राष्ट्रवादी पार्टी (बिएनपी) ले कामचलाउ सरकार नभएको भन्दै सन् २०१४ र सन् २०२४ को निर्वाचनसमेत बहिष्कार गरेको थियो, तर हसिनाले उनीहरूको मागलाई स्वीकार गर्नु भएको थिएन ।

यसैबीच, बिहीबार सात सदस्यीय सर्वोच्च अदालतका न्यायाधीशहरूले सन् २०११ को निर्णय पुनरावलोकन गर्ने क्रममा दर्ता भएका दुई अपिल र चार याचिकामाथि सर्वसम्मत अदालतको फैसला सुनाउनुभयो। अदालतले कामचलाउ प्रणाली बङ्गलादेशले सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता पाएपछि हुने १४औँ राष्ट्रिय चुनावका लागि पुनःस्थापित गरिने उल्लेख गरेको छ । तर हाल नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले व्यवस्थापन गर्ने १३औँ चुनावमा भने यो लागू नहुने स्पष्ट गरिएको छ ।

निर्णयपछि महान्यायाधिवक्ता मोहम्मद असदुज्जमानले खुशी व्यक्त गर्दै भन्नुभयो, "कामचलाउ सरकार प्रणालीलाई बङ्गलादेशको लोकतन्त्रको अभिन्न अङ्गका रूपमा अदालतले मान्यता दिएको छ। यो विवरण अदालतको विस्तृत फैसला सार्वजनिक भएपछि स्पष्ट हुनेछ । हामी विश्वस्त छौँ कि अब बङ्गलादेशले साँचो लोकतान्त्रिक मार्गमा आफ्नो नयाँ यात्रा सुरु गर्नेछ ।"उता, खालिदा जियाको पार्टीले पनि उक्त निर्णयलाई स्वागत गरेको छ । पार्टीका वरिष्ठ नेता अमिर खसरु महमुद चौधरीका अनुसार कामचालउ सरकार प्रणाली पुनःस्थापना गर्नु बङ्गलादेशको राजनीतिक भविष्यका लागि नयाँ क्षितिजको सुरुआत हुनेछ ।

सन् २०२४ को अगस्ट ५ मा १५ वर्ष लामो शासन अन्त्य गर्ने जनविद्रोहतत्पश्चात शेख हसिना अपदस्थ हुनुभएको तीन दिनमै मुहम्मद युनुस अन्तरिम सरकार प्रमुख बन्नुभएको थियो । हसिना हाल भारतमा निर्वासनमा हुनुहुन्छ र मानवता विरुद्धको अपराधमा दोषी ठहरिएपछि उहाँलाई सोमबार मृत्युदण्डको सजाय सुनाइएको छ ।विश्लेषकहरूका अनुसार युनुसको नेतृत्वमा देश संवेदनशील मोडमा रहेको अवस्थामा आगामी निर्वाचनअघि बङ्गलादेशले जटिल र चुनौतीपूर्ण परिस्थिति सामना गर्नुपर्ने देखिन्छ ।

# लुम्बिनी लायन्सको जित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल प्रिमियर लिगमा चितवन राइनोजलाई हराउदै लुम्बिनी लायन्सले जीत निकालेको छ। बिहीबार कीर्तिपुर स्थित त्रिवि मैदानमा लुम्बिनीले चितवनमाथि ६ विकेटको जित निकालेको हो । पहिलो खेलमा कर्णाली याक्सलाई पराजित गरेको चितवनको सिजनमा पहिलो हार हो ।




१४३ रनको लक्ष्य लुम्बिनीले ओभरमा ४ विकेटको क्षतिमा १८.३ ओभरमा पूरा गर्‍यो ।लुम्बिनीका लागि अफगान खेलाडी गुल्बादिन नइबले सर्वाधिक रन जोडे। उनले नटआउट ४४ रन जोड्ने क्रममा २४ बलमा ३ चौका र ३ छक्का प्रहार गरे । नइबसँग कप्तान रोहितकुमार पौडेलेले चौथो विकेटका लागि ६० रनको साझेदारी गरे। सुस्त ब्याटिङ गरेका रोहितले ३९ रन बनाउन ४४ बल खेलेर १ चौका प्रहार गर्न सके।

त्यसअघि ओपनिङ ब्याटर डार्शीफ सर्टलाई चितवनका रिजन ढकालले ११ रनमा बोल्ड गरे। अर्का ओपनर सन्दीप जोराले २८ रन बनाए। उनले १८ बलमा ४ चौका प्रहार गरे। उनलाई पनि रिजनले कप्तान कुशल मल्लबाट क्याच गराए।

दिलीप नाथ दुई रन लिने क्रममा १० रनमा रनआउट भए। नाथले १५ बल खेल्दा १ चौका प्रहार गरे। बलिङमा चितवनका रिजनले २ विकेट लिए। सोहेल तन्विरले १ विकेट हात पारे। चितवन राइनोजले बिहीबार लुम्बिनी लायन्सलाई १४३ रनको लक्ष्य दिएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेको लुम्बिनीले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको चितवनले ७ ओभरमा १४२ रन बनायो।

चितवनका लागि रवी बोपाराले अर्धशतक प्रहार गरे। लगातार दुई अर्धशतक प्रहार गरेका इंग्लिस ब्याटिङ अलराउन्डर बोपाराले अन्तिम ओभरमा गुल्बादिन नइबको बलमा क्याच हुनुअघि ६६ रन बनाए। उनले ५५ बलमा ४ चौका र ३ छक्का प्रहार गरे।

उनले कर्णाली याक्सविरूद्धको खेलमा ५२ रन बनाएका थिए। अघिल्लो सिजन उनले तीन अर्धशतक प्रहार गरेका थिए। दुवै सिजनमा गरी पाँच अर्धशतक बनाइसकेका बोपरा सर्वाधिक रन बनाउने ब्याटरको शीर्षमा पुगिसकेका छन्। उनले गत सिजन २८६ रन बनाएका थिए। यो सिजन बोपराले २ खेलमा ११८ रन प्रहार गरिसकेका छन्।अघिल्लो सिजन जनकपुरका लाहिरू मिलन्थाले सर्वाधिक रन बनाएका थिए।

त्यसअघि चितवनका ओपनिङ ब्याटर डविन मलान शून्यमा आउट भएका थिए। उनी इनिङ्सको दोस्रो बलमै लुम्बिनीका नामिबियन तीव्र गतिका बलर रुबेन ट्रम्पलम्यानबाट बोल्ड भएका थिए।

अर्का ओपनर दीपक बोहराले १२ रनमा १० रन मात्र बनाउन सके। देव खनाल १९ बलमा १४ रन र कुशल मल्ल १८ बलमा २१ रन बनाएर पेभिलियन फर्के। सइफ जइबले ७ बलमा २ चौका र १ छक्काको मद्दतमा १५ रन बनाए। लयमा देखिएका लुम्बिनीका ट्रम्पलम्यानले कुशल र सइफलाई पनि क्याच गराएका थिए।

अर्जुन साउदले नटआउट ८ रन जोड्दा अन्तिम बलमा आउट भएका सोहेल तन्विरले ५ रन बनाउन सके। बलिङमा लुम्बिनीका ट्रम्पलम्यानले ३ विकेट लिए। उनले ४ ओभरमा २३ रन दिए। अभिषेस गौतम र गुल्बादिन नइबले २-२ विकेट हात पारे।लिगमा शुक्रबार अपरान्ह चार बजे पोखरा एजेभन्जर्स र सुदूरपश्चिम रोयल्सबीच प्रतिस्पर्धा हुनेछ।

# महिला कबड्डी विश्वकपमा नेपालको मिश्रित नतिजा

काठमाण्डु । नेपाली टोलीले बंगलादेशमा जारी महिला कबड्डी विश्वकपमा बुधवार मिश्रित नतिजा निकालेको छ । नेपालले हिजो खेलेका २ खेलमा एउटामा जित र अर्कोमा हार बेहोरेको थियो।




ढाकामा जारी प्रतियोगिताको समूह 'बी' अन्तर्गत भएको खेलमा नेपाल चाइनिज ताइपेईसँग नेपाल ३१-१५ अन्तरले पराजित भएको ।

त्यसअघि हिजैकै खेलमा नेपालले पोल्याण्ड टोलीमाथि ६३-२५ को सानदार जित निकालेको थियो।

नेपालले पहिलो खेलमा भने खेलमा जन्जिबारलाई ५८-१६ ले पराजित गरेको थियो। नेपालले आज केन्यासँग खेल्नेछ।

३ खेलपछि नेपाल ४ अंकसहित समूहको दोस्रो स्थानमा छ। ३ खेल जितेको इरान शीर्ष स्थानमा र दुबै खेल जितेको चाइनिज ताइपे तेस्रो, जन्जिबार चौथो, केन्या पाँचौं र पोल्याण्ड छैंटौं स्थानमा छ। अर्को समूहमा भारत शीर्ष र बंगलादेश दोस्रो स्थानमा छ।

# फ्रान्सेली वैज्ञानिकद्वारा क्यान्सर उपचारमा एमआरएनएको सम्भाव्यता परीक्षण

**एएफपी**

अर्लियन्स।फ्रान्सको ऐतिहासिक सहर अर्लिन्सस्थित एक अत्याधुनिक प्रयोगशालामा वैज्ञानिकहरूले मानव शरीरभित्र कार्य गर्ने 'मेसेन्जर आरएनए' (एमआरएनए) का क्षमताहरू परीक्षण गर्दै घातक क्यान्सर उपचारमा क्रान्ति ल्याउने सम्भावना खोजिरहेका छन् । कोभिड-१९ खोपमार्फत विश्वभर चर्चित बनेको एमआरएनए प्रविधि अहिले क्यान्सरविरुद्धको नयाँ आशाका रूपमा उदाउँदै छ।



एमआरएनए अणुहरूले शरीरका प्रत्येक कोषमा डिएनएबाट आनुवंशिक सन्देश बोकेर विशिष्ट प्रोटिन उत्पादन गराउँछन् । "क्यान्सरको हकमा, यही सन्देशले बिरामीको शरीरलाई ट्युमरविरुद्ध प्रभावकारी रूपमा लड्ने क्षमता दिन सक्छ", फ्रान्सेली अनुसन्धान संस्थान आइएनएसइआरएम अन्तर्गतको एआरटी प्रयोगशालाका परियोजना प्रबन्धक दिमित्री सिम्जाकले भन्नुभयो।

एमआरएनए सन् १९६० को दशकमै खोजिएको भए पनि कोभिड महामारीका बेला यस प्रविधिले नयाँ पुस्ताका खोपहरू अत्यन्त छिटो विकास गर्न मद्दत गरेपछि विश्वव्यापी रूपमा चर्चित बन्यो । यस महत्त्वपूर्ण उपलब्धिका कारण सन् २०२३ मा चिकित्साशास्त्रमा नोबेल पुरस्कार समेत प्रदान गरिएको थियो। अहिले एमआरएनए सम्बन्धी अनुसन्धानको ठूलो हिस्सा क्यान्सरविरुद्ध खोप विकासमा केन्द्रित छ।

"तर यो प्रविधिसँग धेरै अन्य सम्भावनाहरू पनि छन्", एआरटी प्रयोगशालाका प्रमुख चान्टल पिचोन भन्नुहुन्छ, "प्रतिरक्षा प्रणाली सुदृढ पार्न, क्षतिग्रस्त कोषहरूको पूर्ति गर्न, आनुवंशिक तथा दुर्लभ रोगहरू लक्ष्य गर्न वा एलर्जी नियन्त्रणमा पनि यसको उपयोग हुन सक्छ ।"पिचोनका अनुसार विश्वका अग्रणी फार्मास्युटिकल कम्पनीदेखि स्टार्टअपसम्मका संस्थाहरूले हाल २०० भन्दा बढी एमआरएनए क्लिनिकल परीक्षण सञ्चालन गरिरहेका छन्, जसको ठूलो हिस्सा अमेरिका, चीन र जापानमा केन्द्रित छ । तथापि, फ्रान्ससँग पनि एमआरएनए प्रविधिमा कार्यरत उत्कृष्ट आधार भूत अनुसन्धान टोलीहरू रहेको उहाँ बताउनुहुन्छ।

एआरटी प्रयोगशालामा वैज्ञानिकहरूले विभिन्न प्रकारका एमआरएनए तयार गरेर तिनीहरूको विषाक्तता र प्रभावकारिताको जाँच गरिरहेका छन् । प्रायः प्रयोगशालामा उत्पादन गरिने आरएनए परीक्षण ट्युबमै निर्माण हुन्छ, जुन महँगो प्रक्रिया हो र धेरैजसो अमेरिकी कम्पनीहरूको पेटेन्टमुनि पर्छ । यसै कारण प्रयोगशालाको अर्को टोलीले खमीर प्रयोग गरी आरएनए उत्पादन गर्ने लागत-कम विधि विकास गरिरहेको छ, जसले खर्च १० देखि ५० गुणासम्म घटाउन सक्ने अपेक्षा गरिएको छ । तर यस्तो आरएनए औषधि उद्योगको उच्च मापदण्ड पूरा गर्न पर्याप्त शुद्ध र सुरक्षित हुन आवश्यक छ।

उता, अर्को विशेषज्ञ टोलीले अग्नाशय (प्यान्क्रियास) क्यान्सरको उपचारमा नयाँ विधि खोजिरहेको छ–जसको निदान भएपछि बाँच्ने दर ऐतिहासिक रूपमा अत्यन्त कम रहँदै आएको छ।

# एपस्टिन फाइल सार्वजनिक गर्न ट्रम्पद्वारा विधेयकमा हस्ताक्षर

**एएफपी**

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार विवादास्पद तर बहुप्रतिक्षित 'एपस्टिन फाइल ट्रान्सपरेन्सी एक्ट' मा हस्ताक्षर गर्दै दोषी यौन अपराधी जेफ्री एपस्टिनसँग सम्बन्धित सरकारी रेकर्ड सार्वजनिक गर्न कानूनी मार्ग प्रशस्त गर्नुभएको छ ।

यो कदमले लामो समयदेखि आलोचना झेलिरहेको वासिङ्टनको शक्तिकेन्द्रमा नयाँ हलचल ल्याएको छ र राष्ट्रपति स्वयं उक्त बहसलाई पारदर्शितातर्फ मोड्न इच्छुक हुनुहुन्छ कि संवेदनशील विवरण लुकाउन खोज्दै हुनुहुन्छ भन्ने प्रश्न पनि उठेको छ। महिनौँसम्म चलेको विरोधमत उल्ट्याउँदै र मङ्गलबार दुर्लभ देखिने द्विदलीय सहमतिसहित विधेयक कंग्रेसबाट पारित भएपछि ट्रम्पले आकस्मिक निर्णय गर्दै यसमा हस्ताक्षर गर्नुभएको हो। दिवङ्गत एपस्टिनका पुराना परिचित पनि मानिनुहुने राष्ट्रपति ट्रम्पले बुधबार राति आफ्नो सोसल मिडिया प्लेटफर्ममार्फत कुनै 'राजनीतिक नाटक' मा नअड्किने भन्दै विधेयक अनुमोदनको घोषणा गर्नुभयो ।



तर हस्ताक्षर भएर कानून बने पनि संवेदनशील विवरणहरू सार्वजनिक गर्ने प्रक्रियामा जानाजानी ढिलाइ, अत्यधिक सम्पादन (रेडक्सन) वा लामो सङ्घीय अनुसन्धानको आड लिइने सम्भावना रहने प्रशासनभित्रका अधिकारीहरूले चेतावनी दिएका छन् । शीर्ष डेमोक्रेट चक शुमरले सिनेटमा चेतावनी दिँदै भन्नुभयो, "राष्ट्रपतिले अब यो कानूनलाई विश्वासपूर्वक कार्यान्वयन गर्नुपर्नेछ । ट्रम्पबाट कुनै पनि प्रकारको छलकपट स्वीकार्य हुनेछैन । उहाँले केही कागजात मात्र सार्वजनिक गर्दै अन्य महत्त्वपूर्ण दस्तावेजहरू लुकाउने बहाना बनाउनु हुँदैन ।"

अत्यन्तै धनी फाइनान्सर, वर्षौंदेखि उच्च वर्गका व्यवसायी, राजनीतिज्ञ, शिक्षाविद् र सेलिब्रेटीहरूसँगको घनिष्ठ सम्बन्धका कारण जेफ्री एपस्टिन कुख्यात थिए। उनीमाथि नाबालिग बालिकाहरूलाई यौन शोषणका लागि तस्करी गरेको आरोप थियो । विगत केही वर्षदेखि ट्रम्प र उहाँका निकट सहयोगीहरूले एपस्टिनसँग जोडिएका प्रभावशाली डेमोक्रेटहरू सुरक्षित रहे भन्ने कथनलाई अगाडि सार्दै केसलाई राजनीतिक रङ दिएका थिए ।

तर आलोचकहरूका अनुसार राष्ट्रपति स्वयं एपस्टिनका पुराना सङ्गतिहरू मध्ये एक हुनुहुन्थ्यो, त्यसैले उहाँलाई उक्त अपराधीका गोप्य कडीहरूबारे कत्तिको जानकारी थियो भन्ने प्रश्न अझै अनुत्तरित छ । यो मुद्दाले ट्रम्प समर्थकहरूभन्दा पर गएर अमेरिकी न्याय प्रणालीप्रति जनताको भरोसा खस्काएको छ र धेरै नागरिकहरूले 'यस कथाका महत्त्वपूर्ण भागहरू अझै लुकाइएका छन्' भन्ने गहिरो शङ्का व्यक्त गरिरहेका छन् ।सन् २०१९ मा एपस्टिन पक्राउ परेपछि उनको सामाजिक सञ्जाल, वित्तीय स्रोत र सहयोगीहरूको विस्तृत छानबिनको माग चुलिएको थियो । त्यसपछि न्युयोर्कको जेलमा आत्महत्याको रूपमा दर्ता गरिएको मृत्यु भने ढाकछोप र षड्यन्त्रका अनेकथरी सिद्धान्तहरू झनै गहिरिएका थिए ।

यसैबीच, कंग्रेसले पारित गरेको ट्रान्सपरेन्सी एक्टको मत सर्वपक्षीय भावनाले भरिएको थियो । प्रतिनिधिसभामा मतदान हुँदा पीडितका प्रतिनिधिहरूले ग्यालरी भरिदै विधेयक पारित भएपछि अँगालो र जयजयकारसहित भावनात्मक वातावरण सिर्जना भएको थियो । यो विधेयक प्रतिनिधिसभाका सभामुख माइक जोनसन र उहाँका सहयोगीहरूले खुलासा रोक्न गरेको प्रयासलाई कडा झट्का थियो । पत्रकारहरूले जोनसनलाई ट्रम्पलाई भिटो गर्न दबाब दिने हो कि भनेर सोध्दा उहाँले 'समय आएपछि हेर्नें' मात्र उत्तर दिनुभएको थियो ।

कानून अनुसार, न्याय मन्त्रालयले एक महिनाभित्र एपस्टिनसम्बन्धी अवर्गीकृत दस्तावेजहरू – प्रतिलिपि, उडान लग, सञ्चार र अन्य फाइलहरू – अनलाइन सार्वजनिक गर्नुपर्नेछ । यी फाइलहरूले विगतका धेरै अज्ञात नाम र सम्बन्ध उजागर गर्न सक्ने आशङ्का छ। व्यक्तिगत गोपनीयता र राष्ट्रिय सुरक्षा जस्ता सङ्कीर्ण कारण बाहेक जानकारी रोक्न सकिने छैन ।

तर के प्रशासनले यो कानूनलाई पूर्ण रूपमा लागू गर्ला ? वा सम्बन्धित अनुसन्धान जारी रहेकाले सामग्री सार्वजनिक गर्न नसकिने भनेर फाइलहरू फेरि लुकाइनेछन् ? भन्नेबारे विश्लेषकहरू शङ्कित छन् । गत हप्तामात्रै ट्रम्पले डेमोक्रेटहरूको सम्भावित संलग्नताबारे नयाँ अनुसन्धान आदेश दिएको हुँदा प्रक्रिया अल्झिन सक्ने ठानिएको छ ।केन्टुकीका रिपब्लिकन थोमस म्यासीले भन्नुभयो, "यी नयाँ अनुसन्धानहरू अन्तिम क्षणमा एपस्टिन फाइल सार्वजनिक हुने काम रोक्न प्रयोग गरिने 'धुवाँको पर्दा' हुन सक्छन् ।" न्याय मन्त्रालय र एफबिआईले यसअघि फाइलहरूको समीक्षा गर्दा थप कारबाही आवश्यक नदेखिएको बताएका थिए ।

यस विषयमा महान्यायाधिवक्ता पाम बोन्डीले पत्रकारहरूसँग भन्नुभयो, "हामीसँग नयाँ सूचनाहरू आएका छन् । यदि कोही पीडित हुनुहुन्छ भने हामी उहाँहरूलाई अगाडि आउन प्रोत्साहित गर्दछौँ र हामी कानूनअनुसार अधिकतम पारदर्शिता सुनिश्चित गर्न प्रतिबद्ध छौँ ।"

## नारायणघाट बुटवल खण्डको नारायणी नदि पुल क्षेत्रमा दुई दिन राति गाडी सञ्चालनमा रोक



नवलपुर । पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट बुटवल खण्डको नवलपुर र चितवन जोड्ने नारायणी नदी क्षेत्रमा दुईदिन रातिमा सडक बन्द गरिने भएको छ । उक्त खण्डको नारायणी नदी पुलदेखि पश्चिमतर्फको भागमा सडक कालोपत्र गर्न रातिमा पाँच घण्टा सडक बन्द गर्न लागिएको हो ।

नारायणघाट बुटवल सडक योजना पूर्वी खण्डका योजना प्रमुख इन्जिनियर ईश्वरबहादुर रिजालले मङ्सिर ५ गते र ६ गते राति ११ देखि भोलिपल्ट बिहान ४ बजेसम्म राजमार्ग बन्द गर्न लागिएको जानकारी दिनुभयो । "निर्माणाधीन नारायणघाट-बुटवल सडक खण्डको नारायणी पुल गैँडाकोटतर्फको एप्रोच सडकको भागमा कालोपत्र गर्ने प्रयोजनार्थ राति सडक बन्द गर्ने निर्णय गरिएको हो," उहाँले भन्नुभयो, "उक्त स्थानमा सवारीसाधन सञ्चालनमा रोक लगाएर काम गर्नुपर्ने भएकाले रातिमा सडक बन्द गर्न लागिएको हो ।"

रातिको समयमा सडक बन्द गरिँदा पूर्वतर्फ जाने सवारीसाधन नवलपुरका विभिन्न स्थानमा र पश्चिमतर्फ आउने सवारीसाधन चितवनका विभिन्न स्थानमा रोकिने रिजालले जानकारी दिनुभयो । रातिको समयमा ६ घण्टा सडक बन्द हुने भएकाले तोकिएको ठाउँमा सवारीसाधन रोकेर पालो पर्खेर जान वा वैकल्पिक सडक प्रयोग गर्न उहाँले आग्रह गर्नुभयो ।

बुटवलबाट नवलपुर हुँदै पूर्वतर्फ जाने सवारीसाधनमध्ये बस, मिनीबस, माइक्रो बस, साना चार पाङ्ग्रेसहितका सवारीसाधन थुम्सीदेखि पश्चिमतर्फ रोकिने छन् । यस्तै, ट्रक, ट्रेलर, कन्टेनर, लहरी जस्ता ठूला मालवाहक सवारीसाधन बेल्डिहादेखि पश्चिमतर्फ रोकिने छन् ।

यसैगरी नवलपुर हुँदै पश्चिम जान पूर्वतर्फबाट आएका सवारीसाधन नवलपुर नपुग्दै चितवनमा रोकिने छन् । बस, मिनीबस, माइक्रो बस, साना चारपाङ्ग्रे सवारीसाधन मुग्लिन नारायणघाट सडकको रामनगरदेखि जुगेडीसम्म र पूर्वपश्चिम राजमार्गको केन्द्रीय बसपार्कदेखि गोन्द्राङसम्म रोकिने रिजालले जानकारी दिनुभयो । यस्तै, ट्रक, ट्रेलर, कन्टेनर, लहरी जस्ता मालवाहक सवारीसाधनहरु भने जुगेडीदेखि दासढुङ्गासम्म र गोन्द्राङदेखि टिकौलीसम्म रोकिने छन् ।

सडक बिस्तार सुरु भएदेखि नै यस खण्डमा भएका खाल्डाखुल्डीका कारण यात्रुले दुःख पाउँदै आएका छन् । नारायणी नदीको पुलदेखि पश्चिमतर्फ १७० मिटर सडक कालोपत्र भएपछि नारायणघाट बुटवल खण्डको दाउन्नेसम्म करिब ६० किलोमिटर सडक कालोपत्रले जोडिनेछ ।रासस

# धार्मिक स्थललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिँदै



गण्डकी । पोखरा महानगपालिका-१३ स्थित आर्बा प्राकृतिक रूपमा आकर्षक र ऐतिहासिक महत्त्व बोकेको क्षेत्र भएकाले यहाँका धार्मिक स्थललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालिएको छ । करिब एक सय वर्षभन्दा पुरानो इतिहास रहेको यस क्षेत्रको संरक्षणसँगै धार्मिक पर्यटन प्रवर्द्धन गर्न थालिएको हो ।

उत्तरपूर्वका दन्तेलहर जस्तै टलक्क टल्कने हिमाल, दक्षिणपश्चिममा पोखरासहित लेखनाथका टाढाटाढासम्मका भूभाग आर्बाको महाप्रभुधामबाट देख्न सकिन्छ । समुन्द्री सतहबाट एक हजार ३३५ मिटर उचाइमा अवस्थित यसस्थान प्राकृतिक रूपमा आकर्षक हुनुका साथै ऐतिहासिक र धार्मिक महत्त्व बोकेको छ ।
महाप्रभुधाम संरक्षण समितिका संरक्षक स्वामी दिनदयालजी महाराजका अनुसार एक सय वर्षभन्दा अघि यहाँ स्वर्गद्वारीबाट हंश महाराजका चेला कपिलदेव महाराजले एक महिनासम्म ठूलो महायज्ञ लगाउनुभएको थियो । उक्त अवसरमा यहाँ अखण्ड हवनसँगै गौदानलगायत विभिन्न किसिमका अनुष्ठानहरू एक साथ गरिएको इतिहास रहेको उहाँले जानकारी दिनुभयो ।

"यहाँ महायज्ञ गरी सिद्धी प्राप्त गरेको स्थान भएकाले यस क्षेत्रको विशिष्ट महत्त्व छ", स्वामी दिनदयालजीले भन्नुभयो, "यो ठूलो धार्मिक महत्त्वको तीर्थस्थल हो । महाप्रभुधामसँगै यहाँ नजिकै रहेको मणिद्विपले पनि विशिष्ट धार्मिक महत्त्व बोकेको छ ।" पाल्पाका तत्कालीन राजा मणिमुकुन्द शेनले स्थापना गरेको मणिद्विपको संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा पहल थालिएको उहाँले जानकारी दिनुभयो ।

"यहाँका धार्मिक महत्त्वका सम्बन्धमा विभिन्न किंवदन्ती पनि छन् । एक किंवदन्ती अनुसार यहाँ नजिकै रतन पाण्डे मन्दिर र महाप्रभुधामको बीच भागमा प्राचीन कालमा एउटा पोखरी थियो । धार्मिक महत्त्वको उक्त पोखरीमा रुखका पात खस्नासाथ चराले टिपेर लैजान्थ्ये । यस्ता विभिन्न किसिमका किंवदन्तीले पनि यहाँको ऐतिहासिक महत्त्वलाई झल्काउने बुढापाकाहरू बताउँछन्", स्वामी दिनदयालजीले भन्नुभयो ।

करिब एक सय वर्षअघि महाप्रभुहरूले महायज्ञ सञ्चालन गर्दा निर्माण गरिएको हवन कुण्डले पनि यहाँको ऐतिहासिकतालाई थप प्रष्ट पार्ने महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका अध्यक्ष नवराज बरालले उल्लेख गर्नुभयो । समितिले यहाँको ऐतिहासिकता एवम् धार्मिक महत्वलाई उजागर गर्ने उद्देश्यले विकासका क्षेत्रमा योजनाबद्ध काम गरिरहेको उहाँले बताउनुभयो । उक्त समयको ऐतिहासिकताको जीवन्त साक्षी हवन कुण्डसहित धार्मिक महत्त्वका गुफा, गणेश तथा शिवजीको मन्दिर, रतन पाण्डेथानको संरक्षणसँगै प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनमा सिमति अघि बढेको उहाँको भनाइ छ ।

पोखराको महेन्द्रपुलबाट आधा घण्टाभित्रै सवारीसाधनबाट पुग्न सकिने महाप्रभुधामसहित यहाँका विभिन्न स्थानहरूबाट माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमाल, दक्षिणतर्फ पोखराको मनमोहक दृश्य एकसाथ अवलोकन गर्न सकिने समितिका उपाध्यक्ष सूर्यप्रसाद बरालले जानकारी दिनुभयो । धार्मिक पर्यटनका दृष्टिले आर्बा सम्भावना बोकेको क्षेत्र भएकाले यस ठाउँको प्रवर्द्धन अपरिहार्य रहेको उहाँको भनाइ छ । महाप्रभुधामसँगै यहाँ रहेका मणिद्विप, रतन पाण्डेको मन्दिरलगायत स्थानलाई समेटेर धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नेतर्फ आँफूहरू लागिरहेको समितिका सचिव भोजराज बरालले बताउनुभयो ।

महाप्रभुधाम नजिकै रहेको रतन पाण्डे मन्दिर यहाँको अर्को धार्मिक महत्त्वको स्थानका रूपमा चिनिएको उक्त मन्दिर संरक्षण समितिका अध्यक्ष घनश्याम बरालले उल्लेख गर्नुभयो । यसको थप प्रचारप्रसार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो ।उहाँका अनुसार रतन पाण्डे मन्दिरमा प्रत्येक वर्ष धान रोप्ने र भित्र्याउने समयमा यहाँका स्थानीयले श्रद्धाभक्तिपूर्वक पूजाआजा गर्दछन् । रतन पाण्डेको पूजाका दिन आर्बा क्षेत्रमा हलो नचल्ने प्रचलन प्राचीन समयदेखि रहिआएको उहाँले जानकारी दिनुभयो ।

"रतन पाण्डेलाई वायुका राजाका रूपमा लिने गरिएको छ", अध्यक्ष बरालले भन्नुभयो, "यहाँ अत्यन्त निष्ठापूर्वका पूजाआजासँगै तयार गरिएको प्रसाद मन्दिर परिसरमा बसेर धारण गर्नुपर्ने, घरमा लैजान नहुनेलगायत विधि र प्रक्रिया रहेकाले यसको विशेष महत्त्व छ ।"पछिल्ला समयमा महाप्रभुधाम र मणिद्विपमा प्रत्येक वर्ष बालाचतुर्दशीका दिन ठूलो मेला लाग्ने तथा शतबीज छर्ने प्रचलन रहेको समाजसेवी शिरोमणि बरालले जानकारी दिनुभयो । उहाँका अनुसार आर्बामा बस्ती स्थापना हुँदा गाउँको पूर्वमा मणिद्विप नागेश्वर महादेव स्थापना गरिएको थियो ।

स्थानीयका अनुसार शक्तिशाली शक्तिपीठका रूपमा रहेको यस मन्दिरमा धेरै पटक नाग प्रकट हुनुभएको थियो । मन्दिरमा भक्तिपूर्वक पूजा गर्दा निःसन्तान दम्पतीलाई सन्तान प्राप्त भएकाले टाढाटाढाबाट दर्शनार्थी आउने गरेका स्थानीय बताउँछन् । नागको दोषका कारण स्वास्थ्य, लगानीलगायत समस्यामा परेका व्यक्ति पनि यहाँ आएर श्रद्धाभक्तिपूर्वक पूजाआजा गरेर फर्केपछि समस्याबाट मुक्त हुने जनविश्वास रहिआएको रतन पाण्डे मन्दिर संरक्षण समितिका अध्यक्ष बरालले जानकारी दिनुभयो ।

प्राचीनकालदेखि सन्यासी बस्दै आएको यहाँको खरले छाएको मन्दिर विसं २०६२ मा पुनःनिर्माण गरिएको थियो । विसं २०६३ मा हरिद्वारका महामण्डलेश्वरसहित विशिष्ट व्यक्तिको उपस्थितिमा मणिद्विपमा महायज्ञ गरी उक्त मन्दिरमा नर्मदा नदीबाट ल्याइएको शिलाको प्राण प्रतिष्ठा गरिएको थियो । प्रतिष्ठापनका बेला शिलामा लामो समयसम्म पसिना आएको स्थानीयको अनुभव छ । शिलाको प्राणप्रतिष्ठा भारतबाट आउनुभएका १००८ स्वामी बालसन्त महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ स्वामी सोमेश्वरजी महाराज, १००८ स्वामी विष्णुराजजी महाराज, स्वामी सुतिक्षणजी महाराजलगायत सन्तमहन्तले गर्नुभएको थियो ।

करिब १५ वर्षअघि भारतको हरिद्वारबाट आउनुभएका १००८ महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ महामण्डलेश्वर सुतिक्षण मुनीजी महाराज, सन्त दिनदयालजी महाराजको उपस्थितिमा महाप्रभुधाममा शतबीज छर्न सुरु गरेसँगै यो स्थल धार्मिक पर्यटनका दृष्टिले महत्त्वपूर्ण बनेको महाप्रभधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका पूर्वअध्यक्ष धर्मराज बरालले जानकारी दिनुभयो ।

महाप्रभुधामसहित मणिद्विप, रतन पाण्डेलगायत धार्मिक स्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सन्दर्भमा सरोकार भएका निकायसँगको समन्वयमा आँफूहरू लागिरहेको पोखरा महानगरपालिका-१३ का वडाध्यक्ष किरण बरालले बताउनुभयो । महाप्रभुधाम क्षेत्रको विकासका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको बताउँदै उहाँले यहाँका पूर्वाधार विकासका लागि करिब रु १२ करोड खर्च लाग्ने अनुमान गरिएको जानकारी दिनुभयो ।रासस

## चोयाबाट बनेका हस्तकलाका सामग्रीमा आकर्षण घट्यो



म्याग्दी । स्थानीय स्रोत र रैथाने सीपमा आधारित हस्तकलाका सामग्रीमा आकर्षण घट्दै गएको छ । म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरधाममा आयोजित बालाचतुर्दशी मेलामा विगतमा चोयाबाट निर्मित यस्ता सामग्रीको माग उच्च हुने गरे पनि यसपटक त्यस्तो नपाइएको व्यवसायीले गुनासो गरेका छन् ।

बालाचतुर्दशी पर्वका अवसरमा गलेश्वरमा शत्बीज छर्न आएकाले घरायसी काममा प्रयोग हुने चोयाबाट निर्मित डाला, नाङ्ला र काठका ठेका-मदानी खरिद गरेर लैजाने प्रचलन रहेको छ । मेलामा तीन दशकदेखि डाला र नाङ्ला व्यापार गर्दै आउनुभएका बागलुङको बढीगाड गाउँपालिका-४ जलजलाका मनबहादुर छन्त्यालले पछिल्लो समय प्लास्टिकका सामानले चोयाका सामग्रीलाई विस्थापित गर्न थालेको बताउनुभयो । हरेक पटकको मेलामा डालाडाली र नाङ्ला बिक्रीको लागि आउने गरेको र पछिल्लो समय यस्ता सामानका माग घट्दो क्रममा रहेको उहाँको भनाइ छ ।

"पहिले गाउँघरमा डुलाएर पनि बिक्री गर्थ्यौं । मेलापर्व र महोत्सवमा समेत उत्साहजनक किनबेच हुन्थ्यो, तर पछिल्ला वर्षयता प्लास्टिकबाट बनेका डाला र नाङ्लोसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय स्रोत र सीपको उपयोगबाट बनेका सामग्री विकाउनै मुस्किल हुन थालेको छ", छन्त्यालले भन्नुभयो ।

गलेश्वरधाममा बागलुङका साथै तनहुँबाट समेत चोयाबाट बुनेका नाङ्ला ल्याएर आउने धेरै व्यापारी छन् । मेलामा डाला रु ८०० देखि दुई हजारसम्म र नाङ्ला रु ६५० देखि ९०० सम्ममा किनबेच हुने गरेको छ । जङ्गलमा पाइने निगालोको चोयाबाट बुनेर तयार गरिने नाङ्लो अन्नपात केलाउन र डालो अन्नपात राख्न प्रयोग गरिन्छ । चोयाका डाला र नाङ्ला वातावरणमैत्री हुनाका साथै टिकाउ र आकर्षकसमेत हुन्छन् । प्लास्टिकका सामग्रीको मूल्यमा चोयाका सामग्री खोज्ने प्रचलनका कारण आफूहरु समस्यामा परेको गलेश्वरको बालाचतुर्दशी मेलामा नाङ्ला बेच्न आउनुभएका तनहुँको बन्दीपुरका तिलबहादुर भुजेलले बताउनुभयो ।

गलेश्वर मेलामा करिब १०० जनाले घरायसी र दैनिक उपभोग्य सामानदेखि लत्ताकपडाको व्यापार-व्यवसाय सञ्चालन गरेकामा न्यून मात्रामा डाला र नाङ्लाको खरिदबिक्री भएको गुनासो गरेका छन् । मेलामा रैथाने सीप प्रयोग गरी बनाइएका काठका ठेकाठेकी र मदानीको समेत खरिदबिक्रीसमेत उत्साहजनक छैन । गाउँघरमा दूध सङ्कलन र मोही पार्नका लागि काठका ठेका र मदानीको विकल्पमा सिल्टे र प्लास्टिकका सामान भित्रिएपछि ठेका बनाउने पेसा नै सङ्कटमा पर्न थालेको छ ।रासस

## मकै उत्पादन बढ्यो



डुम्रे । व्यास नगरपालिका-१० दुम्सीस्थित दरै सामुदायिक घरबास (होमस्टे) पुग्नेबित्तिकै अग्ला मकैका माच देखिन्छन् । यहाँ आउने जोकोही थाङ्ग्रो देखेर अचम्म मान्छन् ।

दरै सामुदायिक घरबासका सञ्चालक आशा दरै भन्नुहुन्छ, "यही माचमा फोटो खिच्न र टिकटक बनाउन पाहुनाहरू व्यस्त हुन्छन् । विगतका वर्षमा ठूलो सुली भए पनि एउटा मात्रै थियो । यस वर्ष धेरै मकै फल्यो सुली पनि विशाल छ ।" यो वर्ष पर्याप्त उत्पादन भएका दुम्सीका घरैपिच्छे मकैका सुली भेटिन्छन् ।

विगतमा मकै लगाउने बेला तथा गोड्ने बेलामा किरा लाग्नुका साथै मलको अभाव किसानले बेहोर्नुपरेको थियो । यो वर्ष समस्या नभएकाले जिल्लामा पर्याप्त मकै उत्पादन भएको कृषि विकास कार्यालयका बाली विकास अधिकृत किरण परियारले बताउनुभयो ।

आव २०७९/८० मा २२ हजार २३८ हेक्टर क्षेत्रफलमा गरिएको मकैखेतीबाट ६७ हजार १५ मेट्रिक टन उत्पादन भएको थियो । २०८०/८१ मा २२ हजार ३४८ हेक्टर क्षेत्रफलबाट ६७ हजार २०० मेट्रिक टन मकै उत्पादन भएको थियो भने उत्पादकत्व तीन दशमलव ०१ रहेको थियो । आव २०८१/८२ मा २२ हजार १९५ हेक्टर क्षेत्रफलमा गरिएको खेतीबाट ७३ हजार २४६ मकै उत्पादन भएको छ ।

"तनहुँ धानका साथै मकै उत्पादनको क्षेत्र पनि हो । जिल्लाको ऋषिङ गाउँपालिका नै पहिले मकैको बीउ उत्पादनको पकेट क्षेत्र हो", बाली विकास अधिकृत परियारले भन्नुभयो । तनहुँ धान, मकै, कोदो, गहुँ, भटमास, अदुवाका लागि उपयुक्त छ । सुन्तला उत्पादनको मुख्य पकेट क्षेत्र पनि हो । रासस

## बर्खे धानको समर्थन मूल्य नपाएको किसानको गुनासो

चितवन । यहाँका किसानले बर्खे धानको समर्थन मूल्य नपाएको गुनासो गरेका छन् । वाग्मती प्रदेश सरकारले तोकेको मूल्य आफूहरूले नपाएको उनीहरूको गुनासो छ ।

प्रदेश सरकारले प्रतिक्विन्टल मोटा धानको न्यूनतम समर्थन मूल्य रु तीन हजार ४६३ र मध्यमको रु तीन हजार ६२८ प्रतिक्विन्टल तोकेको भए पनि यहाँका किसानले निर्धारित मूल्यअनुसार धान बिक्री नभएको बताएका छन् । माडी नगरपालिका-३ का किसान ओमप्रकाश महतो अहिले आफूहरुले प्रतिक्विन्टल मोटा धान रु दुई हजार ६०० र मध्यम धानको रु तीन हजार १०० मा बिक्री गर्नुपरेको गुनासो गर्नुभयो ।

भरतपुर महानगरपालिका-९ शरदपुरका किसान वेदप्रकाश सापकोटा व्यवसायीले तोकेको मूल्यमा धान बिक्री गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो । आफ्नो गोदाम नहुँदा किसानले व्यापारीले भनेको मूल्यमा धानम बेच्नु परेको गुनासो सुनाउँदै भन्नुभयो, "मोटा धान रु तीन हजार र मध्यम धान रु तीन हजार ४०० मा बिक्री गर्नुपर्ने बाध्यता छ ।"

जिल्ला कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेल पनि किसानले समर्थन मूल्य नपाएका बताउनुहुन्छ । राज्यले तोकेको मूल्यमा व्यवसायीले धान खरिद गर्नुपर्नेमा उहाँ जोड दिनुहुन्छ । चितवनमा २७ हजार ३२४ हेक्टरमा बर्खे धानखेती गरिएकामा एक लाख ३५ हजार ७२५ मेट्रिक टन उत्पादन भएको छ । बेमौसमी वर्षाका कारण १४९ मेट्रिक टन धानमा क्षति भएको छ ।रासस

## कालानमक धानको जात लोप हुँदै



राँझा । बाँकेमा परम्परागत कालानमक धानको जात हराउँदै गएको छ ।

यहाँका किसान लगानीअनुसारको प्रतिफल नपाइएको भन्दै व्यावसायिक खेतीतर्फ उन्मुख हुँदै गएपछि यो जातको धान लोप हुँदै गएको हो । सिँचाइ र स्याहारसुसार बढी गर्नुपर्ने, रोग र कीराको प्रकोप बढी देखिने भएकाले कृषकहरू यसको साटो 'हाइब्रिड' धानतर्फ आकर्षित भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार उच्च तहका व्यक्तिदेखि पर्यटकहरूको रोजाइ भए पनि लागतअनुसार कम उत्पादन हुने भएकाले कृषकहरू कालानमक धानको साटो अन्य धान लगाउन थालेका हुन् । मसिनो र बास्नादार मानिने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको हो । यो करिब १४० दिनमा तयार हुन्छ । "विगतमा बाँके र बर्दिया जिल्लामा यसको खेती हुन्थ्यो, तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै उत्पादन गरेर लाभ लिनतिर लागेँ", सूचना अधिकारी पाठकले भन्नुभयो, "कालानमकको खेती शून्य प्रायः भएपछि हाल यसको प्रवर्द्धन र प्रचारमा लागेका छौँ ।"

बाँकेमा यस वर्ष ३४ हजार १९० हेक्टर जमिनमा धानखेती हुँदा कालानमकलगायत परम्परागत जातको धानखेती क्षेत्र गणनामा नै छैन । परम्परागत कालानमक संरक्षणका लागि कृषि ज्ञान केन्द्रले कृषकस्तरमा प्रचारप्रसारको थालनी गरेको छ । कृषि अनुसन्धान परिषद् खजुराबाट प्राप्त गरेको बीउलाई बाँकेको बैजनाथ गाउँपालिका-८ टिटिहिरियामा प्रयोग गरेर यसको प्रचार गरिएको छ ।

पहिलाको कालानमक धानको बीउ धेरै अग्लो हुने र खेतमा ढल्ने समस्या भएकाले हाल होचो बीउ प्रयोगमा ल्याइएको परिषद्ले जनाएको छ । किसानले रासायनिक मल धेरै हाल्ने भएकाले ढल्ने समस्या देखिएको हुँदा युरिया, डिएपी र पोटासको सन्तुलित प्रयोग गर्न किसानलाई सल्लाह दिने गरिएको वरिष्ठ बागवानी विकास अधिकृत पाठकले बताउनुभयो । कृषि ज्ञान केन्द्रको सहयोग र समन्वयमा हाल बैजनाथ गाउँपालिका-८ टिटिहिरियाका किसान गङ्गानारायण चौधरीले एक हेक्टर क्षेत्रफलमा कालानमक धानको खेती गरिरहनुभएको छ । रासस

## साइपाल, अपिलाई पर्यटकीय गन्तव्य बनाइँदै

चैनपुर । सुदूरपश्चिम प्रदेशका साइपाल र अपि क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयत्न प्रारम्भ भएको छ । नेपाल पर्यटन बोर्ड तथा सहारा नेपालद्वारा सञ्चालित दिगो पर्यटन परियोजनाले साइपाल गाउँपालिकाको साइपाल हिमालदेखि दार्चुलाको अपि हिमाल गाउँपालिकामा पर्ने अपि हिमाल आधार शिविर क्षेत्रसम्म पदमार्ग निर्माणको सम्भाव्यता अध्ययन थालेका हुन् ।

साइपालदेखि अपिसम्मको पर्यटकीय विकासका लागि पदमार्गमा निर्माण गर्नुपर्ने भौतिक संरचनाका साथै अन्य अत्यावश्यक पूर्वाधारबारे दुई साता अध्ययन गरिएको सहारा नेपालका स्रोत व्यक्ति वसन्त बोहराले राससलाई बताउनुभयो । पहिलो चरणमा होमस्टे, विश्रामस्थल, पुलपुलेसा तथा पदमार्ग निर्माणका लागि अध्ययन भएको जानकारी दिँदै उहाँले अब स्थानीयको सहयोगमा पूर्वाधार निर्माण थालिने बताउनुभयो । बझाङको साइपाल गाउँपालिकाको निलखटी हिमाल, सुर्मा गाउँपालिकाको बिरू ओडार र अपि हिमाल गाउँपालिकाको अपि आधार शिविर क्षेत्रको बीचमा पर्ने कालागाडमा पर्यटकका लागि धेरै संरचना बनाउनुपर्ने उहाँले बताउनुभयो ।

पर्यटकीय क्षेत्रको विस्तारका लागि साइपाल गाउँपालिकाले विभिन्न संस्थासँगको साझेदारीमा पर्यटकीय संरचना निर्माण गरिरहेको उक्त गाउँपालिकाका इन्जिनियर सुशील बोहराले बताउनुभयो । मानव बस्तीको अन्तिम गाउँ धुलीबाट अपि हिमालको आधार शिविरसम्म पुग्न एक साताभन्दा बढी पैदलयात्रा गर्नुपर्छ । बीचमा पाँच हजार २०० मिटर उचाइमा रहेको निलखटी हिमाल पार गरेर बिरू ओढार, कालागाड हुँदै अपिको फेदसम्म पुगिन्छ । उहाँले हिउँदमा हिमाल क्षेत्र पार गर्न नसके पनि अरु बेला पर्यटकलाई. यात्रा गर्न सहज हुने बताउनुभयो ।

"विगतमा साइपालबाट अपि जाने पर्यटकलाई पैदलयात्राको समस्या हुन्थ्यो", उहाँले भन्नुभयो, "अब त्यो समस्या हट्ने छ । अर्को वर्षदेखि पर्यटकले बाटोमा बासका साथै खाना पनि पाउने छन् । पर्यटकका लागि आधारभूत संरचना निर्माण गरिने छ ।"धुलीभन्दा माथि सञ्चारको समस्या भएकाले नेपाल टेलिकमसँगको साझेदारीमा त्यो समाधान गर्न सकिने बताउँदै भन्नुभयो, "अहिले धेरै समस्या भनेको नेटवर्कको छ । निलखटी पाटन (चार हजार तीन सय मिटर उचाइ) सम्म मात्रै नेटवर्क हुने हो भने पर्यटकलाई ठूलै राहत हुने थियो ।"

हाल पर्यटकहरू साइपालबाट ताक्लाकोट नाका वा उरै लेकसम्म जाने गरेका छन् । निलखटी हुँदै अपिसम्म जानेहरू खासै भेटिँदैनन् । पदमार्ग नभएकाले साइपालका सुन्दर स्थल आन्तरिक एवं बाह्य पर्यटकले देख्न नपाएका साइपाल गाउँपालिका-३ का गोपी बोहरा बताउनुहुन्छ । रासस

# जेन-जी आन्दोलनपछि सक्रिय भए मन्त्री गुप्ता



**टुडे समाचारदाता**

जनकपुरधाम । बाराको सिमरामा भएको तनाव साम्य पार्न युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तासहितको टोली जनकपुरधाममा छन् ।

मन्त्री गुप्ता शुक्रबार विहान सिमरामा जेन- जी समूहको बैठकमा सहजीकरणका लागि सहभागी हुने योजना रहेको जेन-जी अगुवा पुरुषोत्तम यादवले जानकारी दिए ।

मन्त्री गुप्तासंग पुरुषोत्तमसहित हामी नेपाल संस्थाका अध्यक्ष सुधन गुरुङ र शिव यादव पनि साथमा रहेका छन् । उनीहरूले सिमरामा प्रदर्शनरत जेनजी प्रतिनिधि र स्थानीय प्रशासनबीच वार्ता गराउने यादवले बताए ।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सिमरामा प्रदर्शनमा उत्रिएका जेन-जी समूहलाई वार्तामा बोलाएका छन् । जिल्ला सुरक्षा समितिको बैठक बसेर उनीहरूलाई वार्ताका लागि जिल्ला प्रशासन कार्यालय कलैयामा बोलाइएको छ ।

जेन- जीले भने वार्ताका लागि कलैया जान नसक्ने र जितपुर सिमरा उपमहानगरपालिकामा वार्ता हुनुपर्ने अडान लिएका छन् ।

प्रमुख जिल्ला अधिकारी मिश्रले भने अहिले कमान्ड पोस्ट छोडेर आउन नमिल्ने र कलैया नै आउनुपर्ने प्रस्ताव गरेका छन् ।

प्रदर्शनकारी र प्रशासन दुवैपक्षसँग जितपुर सिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेलले वार्ताका लागि सहजीकरण गरिरहेको बताए ।

यता जनकपुरधाममा बिहीबार साँझ यात्री निवासमा रात्रि भोजको समेत आयोजन गरिएको छ । सो भोजमा उर्जामन्त्री कुलमान घिसिंगलगायतको समेत सहभागिता रहेको जनाइएको छ ।

# नगर दर्शनबाट शुरु भयो विवाह पञ्चमी महोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम । श्रीसीताराम विवाह पञ्चमी महोत्सव विधिवत रुपमा जनकपुरधाममा शुरु भएको छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामस्थित जानकी मन्दिरले महोत्सवको सप्ताहव्यापी कार्यक्रम गरी महोत्सव मनाउँदै आएको छ ।



सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन नगर दर्शन गरी श्रीसीताराम विवाह पञ्चमी महोत्सवको विधिवत शुरुवात गरिएको छ । त्रेतायुगमा भगवान राम र जानकी बीच भएको वैदिक विवाहको स्मरणमा प्रत्येक वर्ष मंसिर शुक्ल पञ्चमीका दिन विवाह पञ्चमी महोत्सव मनाइदै आएको छ ।

नगर दर्शनले जनकपुरधाम भक्तिमय बनेको थियो । जानकी मन्दिरको प्रांगण श्रद्धालु भक्तजनले खचाखच भरिएको थियो । राम-लक्ष्मणको प्रतीकका रूपमा सजाइएका दुई बालकलाई नगरपरिक्रमा गराएर विवाहपञ्चमीको औपचारिक शुरुवात गरिएको थियो । भगवान राम पहिलोपटक भाई लक्ष्मणसहित प्राचीन मिथिलाको राजधानी जनकपुरधाम पुगेको प्रसंगलाई यो विधीले सम्झाउंछ ।

जानकी मन्दिरका उतराधिकारी महन्थ रामरोशन दासले यसपालिको विवाहपञ्चमी महोत्सव मंसिर ४ गतेदेखि १० गतेसम्म विविध धार्मिक कार्यक्रमसहित भव्य रूपले मनाइने जनाएको छ । मुख्य कार्यक्रम विवाहोत्सवका लागि 'स्वागतद्वार, पण्डाल, निमन्त्रण पत्र वितरणदेखि विवाहका सामग्री किनमेलसम्मका तयारी तीव्र रूपमा चलिरहेका उनले जानकारी समेत दिएका छन् ।

विवाहपञ्चमीको दोस्रो दिन शुक्रबार 'फूलबारी लीला', तेस्रो दिन शनिबार 'धनुषयज्ञ', चौथो दिन आइतबार 'तीलकोत्सव', पाँचौं दिन सोमबार 'मटकोर', मंगलबार 'राम-सीता स्वयंवर तथा वैवाहिक कार्यक्रम' भव्य रूपमा आयोजना हुनेछ । महोत्सवको अन्तिम दिन मंसिर १० गते 'रामकलेवा' गरी जन्तीको विदाईसँगै विवाहपञ्चमी महोत्सव समापन हुनेछ ।

# मधेशको कुल गार्हस्थ उत्पादनमा ३.८८ प्रतिशतले वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.८८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मधेश प्रदेशको आर्थिक गतिविधि अध्ययन २०८१/०८२ को वार्षिक प्रतिवेदनमा यस्तो अनुमान गरिएको छ ।

प्रतिवेदनमा उल्लेख भए अनुसार प्रदेशले चालु आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबै भन्दा बढि योगदान कृषि, वन तथा मत्स्य पालन क्षेत्रको ३६.७० प्रतिशत रहेकोमा सबै भन्दा कम योगदान खानी तथा क्षेत्रको ०.१५ रहेको छ । आर्थिक वर्ष २०८१/०८२ मा मधेश प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन यु.एसडलर ९३२ हुने अर्थात आठ खर्ब चार अर्ब बराबर पुग्ने अनुमान गरिएको छ ।


प्रदेशमा तरकारी तथा बागवानी ओगेटको क्षेत्रफलमा १०.२७ प्रतिशतले वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफलमा १.४९ प्रतिशत र फलफूल तथा मसाला बाली ओगटेको क्षेत्रफलमा २५.२० र ७.९४ प्रतिशतले कमि आएको भनिएको छ ।

यस्तै खाद्य तथा अन्य बालीको उत्पादनमा १४.०१ प्रतिशतले वृद्धि भएको भने सरकार तथा बागवानी उत्पादनमा ९.७९ प्रतिशत वृद्धि भएको भने ९.०७ प्रतिशत र मसाला उत्पादनमा १०.५३ प्रतिशतले कमी आएको हो ।

माछाको उत्पादन ५.९५ प्रतिशत वृद्धि भएको छ भने मासुको उत्पादनमा ०.९० प्रतिशतले कमि र पशुजन्य उत्पादन तर्फ दूधको उत्पादनमा ३.१६ प्रतिशत,अण्डको उत्पादन ९.६४ प्रतिशतले वृद्धि भएको छ ।

त्यस्तै काठतर्फ वनजन्य उत्पादन अर्न्तगत काठको उत्पादन २२.५६ प्रतिशतले वृद्धि र उत्पादन १८.१२ प्रतिशतले घटेको छ । प्रदेशमा रहेको बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा ६२ अर्ब ९८ करोड कर्जा प्रवाह भएको छ ।जुन मधेसश प्रदेशमा प्रवाहित कुल कर्जाको १२.७० प्रतिशत हुन्छ ।

यता अध्ययनका लागि नमुना छनोटमा समेटिएका प्रमुख उद्योगहरुको उत्पादनमा क्षमता उपयोग औसतमा ४६.४७ प्रतिशत रहेको छ भने बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा ५.११ प्रतिशतले वृद्धि भई १ खर्ब २८ अर्ब ९ करोड पुगेको छ।





गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा १ खर्ब २१ अर्ब ८७ करोड रहेको थियो । जसमध्ये प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जा मध्ये गैर खाद्य वस्तु उत्पादन उद्योग तर्फ ५१.७६ प्रतिशत, कृषि वन तथा पेय पदार्थ उत्पादन उद्योग तर्फ ३७.३९ प्रतिशत धातुको उत्पादन मेशिनरी तथा इलेक्टोनिक्स एवं धातुको सानमाको उत्पादन तर्फ ४.१३ प्रतिशत, निर्माण उद्योग तर्फ ५.२६ प्रतिशत, खानी उद्योग तर्फ ०.८९ प्रतिशत र विद्युत ग्याँस तथा पानीउद्योगतर्फ ०.५८ कर्जा प्रवाह भएको छ।

प्रदेशको नुमना छनोटमा परेको होटलहरुमा कार्यरत कर्मचारीहरुको संख्यामा २०.४२ प्रतिशतले कमी आएको छ भने पर्यटकको आगमनमा १८.२५ प्रतिशतले वृद्धि भएको छ । घर जग्गा रजिष्ट्रेशन संख्या ३४.१७ प्रतिशतले वृद्धि भएको छ र घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजश्व १९.२९ प्रतिशतले कमी आएको छ ।

आयोजनाहरु मध्ये हुलाकी सडक मार्गको निर्माणको गति तुलनात्मक रुपमा तीव्र रहेको भने प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या १ लाख ९३ हजार ९ सय २ रहेको छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २३.१० प्रतिशत हो ।

# मधेशका १२.४ प्रतिशत घरधुरीमा छैनन् शौचालय

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल पुरै देश नै खुल्ला दिसामुक्त क्षे घोषणा भइसकेको अवस्थामा मधेश प्रदेशमा अहिलेपनि १२.४ प्रतिशत घरधुरी शौचालयविहिन रहेको छ ।





नेपाल सरकारले देशलाई २०७६ असोज १३ मै खुला दिसामुक्त घोषणा गरिसेको भएपनि स्थानीय तहस्तरमा अझै धेरै क्षेत्रमा आधारभूत सरसफाइ प्रवर्द्धन चुनौतीको विषय बनेको छ । खासगरी मधेश प्रदेश शौचालय पहुँचका मापदण्डमा अन्य प्रदेशभन्दा धेरै कमजोर रहेको तथ्यांकले देखाउंछ ।

मधेश प्रदेश सरकारका उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयको खानेपानी तथा सरसफाइ महाशाखाका अनुसार प्रदेशभर १२.४ प्रतिशत घरधुरीमा अझै शौचालयविहिन रहेको छ । प्रदेशका आठ जिल्लामध्ये केही जिल्लामा अवस्था झन् गम्भीर रहेको छ ।

महाशाखाको तथ्यांक अनुसार प्रदेशको पर्सा जिल्लामा १५ दशमलव ५९ प्रतिशत, महोत्तरीमा १५ दशमलव ४१ प्रतिशत, रौतहटमा १३ दशमलव ५४ प्रतिशत घरधुरीमा अझै शौचालय छैन । त्यस्तै, धनुषामा १२ दशमलव ६ प्रतिशत, सप्तरीमा १२ दशमलव ८२ प्रतिशत, बारामा ९ दशमलव १२ प्रतिशत, सिरहामा ९ दशमलव २२ प्रतिशत र सर्लाहीमा ९ दशमलव १ प्रतिशत घरधुरीमा शौचालय रहेको छैन ।

खुला दिसामुक्त घोषणा भएको पाँच वर्ष पुग्दासमेत यस्तो अवस्था प्रदेश सरकार र स्थानीय तहको सरसफाइ कार्यक्रमको प्रभावकारिता प्रश्नमा उठाएको छ । केही नगर तथा गाउँपालिकामा शौचालयविहीन घरधुरीको दर २५ प्रतिशतभन्दा माथि छ । यसले त्यहाँको सार्वजनिक स्वास्थ्य जोखिम उच्च रहेको स्वास्थ्य विज्ञहरुको भनाई रहेको छ ।

मध्य र उच्च जोखिम देखिएका स्थानीय तहमा बाराको जिराभवानी गाउँपालिका (२८.१३%), पर्साको पर्सागढी नगरपालिका (२८.३४%), रौतहटको राजगढ गाउँपालिका (२८.५५%), महोत्तरीको भंगहा नगरपालिका (२७.८६%) र सप्तरीको छिन्नमस्ता गाउँपालिका (२९.८१%) रहेकोछ ।

यस्तै, धनुषाको मिथिला नगरपालिकामा २.६८ प्रतिशत, बाराको बारागढी गाउँपालिकामा ३.३८ प्रतिशत, सर्लाहीको हरिवन नगरपालिकामा ३.६४ प्रतिशत, ईश्वरपुर नगरपालिकामा ३.८९ प्रतिशत र लालबन्दी नगरपालिकाका ४.२ प्रतिशत घरमा शौचालय अभाव देखिएको छ ।

केही स्थानीय तहले सरसफाइ कार्यक्रमलाई निरन्तरता दिंदा राम्रो नतिजा देखाएपनि अन्य धेरै क्षेत्रमा जनचेतना, बजेट विनियोजन र संरचनात्मक काम निकै कमजोर अवस्थामा रहेको देखिएको छ । राष्ट्रिय स्तरमा शौचालय अभावको अनुपात घट्दो क्रममा रहेको भए पनि मधेशको अवस्था धेरै त रहेको छ ।

तथ्यांक अनुसार कोशी प्रदेशमा ३ दशमलव १६ प्रतिशत, बागमतीमा १ दशमलव २४ प्रतिशत, गण्डकीमा शून्य दशमलव ९५ प्रतिशत, कर्णालीका २ दशमलव ६२ प्रतिशत, सुदूरपश्चिमका ४ दशमलव ३९ प्रतिशत र लुम्बिनीमा ५ दशमलव ६१ प्रतिशत घरधुरीमा मात्र शौचालयको पहुँच नरहेको तथ्यांकले देखाउँछ ।

सरसफाइमा देखिएको कमीकमजोरीले यूएनका अनुसार सुरक्षित शौचालय अभावले सरुवा रोग, बालमृत्यु, महिला तथा बालिकामाथि हिंसा जोखिम, विद्यालयमा छात्रा अनुपस्थितिमा वृद्धि जस्ता समस्या निम्त्यादैं आएका छन् ।

# पदमुक्त सभामुखले गरे सेवा सुविधा फिर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम। पद तथा आचारण अनुकुल काम नगरेको (महाभियोग) आरोपमा पदमुक्त गरिएका सभामुख रामचन्द्र मण्डलले आफूले प्रयोग गर्दै आएका सबै सरकारी सेवा सुविधा फिर्ता गरेका छन् ।

निवर्तमान मण्डलले बिहीबार सरकारी निवास खाली गर्दै प्रदेशसभा सचिवालयलाई सवारीसाधनसमेत बुझाएको हो ।

महाभियोग घटनामा पछिल्लो पटक विवादित घटनाक्रमपछि बुधबार बसेको प्रदेशसभाको बैठकले दुई तिहाइ बहुमतले प्रस्ताव पारित गर्दै मण्डललाई सभामुख पदबाट पदमुक्त गरेको घोषणा गरिएको थियो । उपसभामुख बबिता कुमार राउत ईशरले छैटौं अधिवेशनको सातौं बैठकमा प्रस्तावको पक्षमा ७६ मत परेकाले मण्डल पदमुक्त भएको घोषणा गरेकी थिइन् ।

मण्डलविरुद्ध पेश भएको प्रस्तावमा सात दलीय गठबन्धनका सांसदहरूको एकमत समर्थन गरेकोमा एमालेबाट दुईजना सांसद उपस्थित भएपनि नियमापति जनाउँदै प्रदेश सभाबाट बाहिरिएको थियो । उनको नियमापतिपछि बैठक स्थगित भएर पुनः बस्दा छलफल शुरु भएको थियो ।

मण्डलले केही दिन अघि पाँच सांसदलाई पदच्युत गर्ने निर्णय गरेको कदमलाई सात दलले 'अवैध' र 'पदीय आचरणविपरीत' भन्दै विरोध जनाउँदै आएका थिए । यही घटनालाई मुख्य आधार बनाउँदै गत कार्तिक २७ गते सात दलीय गठबन्धनका ६४ सांसदले मण्डलविरुद्ध प्रस्ताव दर्ता गरेका थिए ।

उपसभामुख ईशरको निर्देशनमा बोलाइएको बुधबारको बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले प्रस्ताव सदनमा पेस गरेका थिए । छलफलका क्रममा



जसपा नेपाल, नेपाली कांग्रेस, लोसपा, नेकपा एसलगायत दलका सांसदहरूले मण्डलको पछिल्लो कार्यशैलीले सदन 'अवरोध र संकट'मा पारेको आरोप लगाउँदै प्रस्तावको समर्थनमा धारणा राख्दै मतदान गरेका थिए ।

लोसपाका उपेन्द्र महतो, जसपाका मनिषकुमार सुमन, सञ्जयकुमार यादव, राजकुमार गुप्ता, कांग्रेसकी जीवछीदेवी यादव, नेकपा एसका गणेश पटेल र प्रमोद यादवले छलफलमा भाग लिएका थिए । मत विभाजन प्रक्रियामार्फत ७६ मत प्रस्तावको पक्षमा खसेपछि मण्डल तत्कालै सभामुख पदमुक्त गरिएको उपसभामुखले घोषणा गरेकी थिइन ।

# सिमरा घटनामा एमालेका दुई वडाध्यक्ष पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा बुधवार भएको जेन-जी युवा र नेकपा एमाले निकट नेता तथा कार्यकर्ताबीच भएको झडप घटनामा दुई जना निर्वाचित वडाध्यक्षलाई प्रहरीले पक्राउ गरेको छ।



पक्राउ पर्नेमा नेकपा एमालेबाट निर्वाचित जीतपुरसिमरा उपमहानगरपालिका- २ वडाध्यक्ष ४० वर्षीय धनबहादुर श्रेष्ठ र वडा नम्बर ६ का वडाध्यक्ष ३४ वर्षीय कैमुद्दिन अन्सारी रहेका छन् । झडपको क्रममा घाइते भएकाहरूको किटानी जाहेरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको छ।

बुधबार दिउँसो नेकपा एमालेका महासचिव शंकर पोखरेल र पोलिटब्यूरो सदस्य महेश बस्नेत सिमरा आउने कार्यक्रम थियो । उनीहरूलाई स्वागत गर्न एमाले निकट युवा संघ नेपालका कार्यकर्ता विमानस्थल क्षेत्रमा जम्मा भएका थिए । सोही क्रममा जेन- जी समूहले विमानस्थल बाहिर प्रदर्शन गरेपछि दुवै पक्षबिच सिमरा चोकमा झडप भएको थियो ।

झडपमा जेन- जी समूहका 'सम्राट्' उपनामले चिनिने साइकुल उपाध्यायसहित केही व्यक्ति घाइते भएका थिए । घाइते उपाध्यायले वडाध्यक्ष श्रेष्ठ र अन्सारीसहित केही व्यक्तिविरुद्ध इलाका प्रहरी कार्यालय सिमरामा नियोजित आक्रमण गरेको भन्दै किटानी जाहेरी दर्ता गराएका थिए।

झडप चर्किएपछि स्थिति नियन्त्रणमा लिन स्थानीय प्रशासनले जीतपुरसिमरा क्षेत्रमा केही समयका लागि निषेधाज्ञा (कर्फ्यु) जारी गरेको थियो । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक सन्तोष तामाङले जनप्रतिनिधि नै घटनामा संलग्न देखिएकाले गम्भीरतापूर्वक अनुसन्धान भइरहेको बताए । उनले भने 'प्रारम्भिक बयान लिइरहेका छौं, थप संलग्नहरूको खोजी पनि भइरहेको छ।'

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

सूचना ! सूचना !! सूचना !!!

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको १८ औं वार्षिक साधारण सभा यही मिति २०८२/०८/०६ गते शनिबारका दिन दिउँसो १:०० बजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्थाको प्राङ्गनमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, ऋणीज्यूहरुलाई उपस्थित भई दिनु हुन अनुरोध गर्दछु ।

अध्यक्ष
राजलाल महतो
मो.नं. ९८५४०२६७२९
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०७/२१ गतेसम्म रहेकोमा मिति २०८२/०८/०६ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ।

वातावरण स्वच्छ राखौं ।

- धुवाँ वा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लाष्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरुवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं ।
- वातावरा प्रदुषण नियन्त्रणका लागि सामुहिक प्रयास गरौं ।

सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८